पश्चिम नेपाल बचत तथा ऋण सहकारी संस्था लि.
o m s N N s i

## १६औं बार्षिक साधारणसभामा अध्यक्ष श्री भिमप्रसाद गौतमको मन्तब्य



यस १६औं बार्षिक साधारण सभाका प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यू, संस्थाका पूर्व अध्यक्ष तथा सल्लाहकारज्यूहरु, संचालक समितिका वर्तमान तथा पूर्व पदाधिकारी तथा सदस्यज्यूहरु, लेखा समितिका संयोजक तथा सदस्यज्यूहरु ऋण उपसमितिका संयोजक तथा सदस्यज्यूहरु, एवम् सहभागी सदस्य तथा प्रतिनिधिज्यूहरु संस्था अन्तर्गत रहेका सबै सेवाकेद्रका संयोजक तथा सदस्यज्यूहरु, शिक्षा उप-समितिका संयोजक तथा सदस्यज्युहरु यस बार्षिक साधारण सभामा उपस्थित हुनुभएका विभिन्न सरकारी तथा गैरसरकारी संघ-संस्थाबाट पाल्नु हुने अतिथिज्यूहरु पत्रकार मित्रहरु, केन्द्रिय कार्यालयका ब्यबस्थापक, विभागीय प्रमुख, सम्पूर्ण सेवाकेन्द्रका प्रमुख लगायत सबै कर्मचारी मित्रहरु प्रति १६औं बर्ष पार गरी सत्रौ बर्षको प्रवेशको अबसरमा आफ्नो अमूल्य  एबम् अति ब्यस्ततापूर्ण समय प्रदान गरी यहाँ उपस्थित प्रमुख अतिथिज्यू विशिष्ट अतिथि, एबम् अतिथि लगायत सम्पूर्णमा वर्तमान सञ्चालक समितिप्रति र मेरो ब्यक्तिगत र संस्थाको तर्फबाट सहकारी अबिभादन ब्यक्त गर्न चाहन्छु ।

**सम्पूर्ण शेयर सदस्यज्यूहरु,**

आज भन्दा करिब १७ बर्ष अगाडि पश्चिम म्याग्दी बहुउद्देश्यीय सहकारी संस्था लि. र दरबाङ्ग बचत तथा ऋण सहकारी संस्थाको कारोबार सुरुवात संग संगै म्याग्दी जिल्लामा रहेको विभिन्न सहकारीहरु संग एकीकरण भई दरबाङ्ग बजारमा मुख्य कार्यालय रही म्याग्दी जिल्लाको सबै स्थानीय तह र पर्बत जिल्लाको जलजला ३ बेनी सहित ८ वटा सेवाकेन्द्रको माध्यमबाट सेवा दिन सफल पश्चिम नेपाल साकोस म्याग्दीले वित्तीय कारोबार प्रदान गर्दै सकृय सदस्यहरुको साथबाट आज यस सभामा प्रस्तुत हुन पाउँदा गौरब महसुस गरेको छु ।

आदरणीय शेयर सदस्य ज्युहरु कोभिड-१९ को महामारी पश्चात वित्तीय क्षेत्रमा देखिएको चुनौती पूर्ण परिस्थितिको सामना अहिले पनि गरिरहनु परेको एथार्थ हामि सामु छँदै छ । गत आर्थिक वर्ष समग्र वित्तीय बजारले चरम तरलता अभाबको सामना गर्नु परेको थियो । यो अभाब महामारीले निम्त्याएको तेसैको प्रभाब स्वरुप थियो भन्न सकिन्छ । समग्र अर्थतन्त्रका सूचकहरु उत्साहजनक नभएको अबस्थामा सहकारी क्षेत्रलाई पनि

नकारात्मक प्रभाव पार्दै गयो । बिसेष गरी सहकारी पुँजीगत खर्चमा आएको कमि भुक्तानी असन्तुलन महामारी पश्चात उद्योग र वाणिज्य क्षेत्रले पुरानै लएमा गति लिन नसक्नु केही सहकारीहरुको लगानी खराब कर्जामा परिणत हुनु जस्ता कारणहरुले समग्र सहकारीहरु ओरालो लागेको दृस्टान्त हामि सामु छन् । सहकारी क्षेत्रका अर्थतन्त्रका यिनै अबस्थाले प्रभाब पारेको बेलामा वित्तीय संकटमा रहेको सहकारीलाई पुरानै गतिमा लैजानको लागि सहकारी शिक्षा मार्फत जनचेतना जगाउनका लागि विभिन्न खालका कार्यक्रम गर्ने गराउने जस्ता कार्य यस पश्चिम नेपाल साकोसले गरेको छ । राष्ट्रिय अन्तर्राष्ट्रिय विभिन्न परिघटनाहरुको कारण समग्र वित्तीय बजारमा परेको प्रभाबको सामनाको लागि सहकारीले निरन्तर आफ्ना वित्तीय कारोबारहरुलाई सुक्ष्म ढंगमा ब्यबस्थापन गर्दै आइरहेको छ । फलस्वरुप सहकारीले लगानी योग्य तरलता अभाबको सामना गर्नु परेता पनी हाम्रो सहकारी ब्यबसाय लाई सुरक्षित र मापदण्ड भित्रै राख्न सफल भएका छौं ।

बिसेष अहिलेको परिस्थितिमा समग्र सहकारी अभियान लगायत हाम्रो सहकारीलाई थप जीवन्त बनाउँदै सदस्यहरुको हित उचित नाफा, कोष र सामाजिक क्षेत्रमा थप उचाईका साथ संस्थालाई परिचित गराउन साथै सरोकारवाला सदस्यज्यूहरु समिति, उपसमिति, सल्हाहाकर र कर्मचारीहरु सबै आफ्नो तर्फबाट अझै एकताबद्ध भएर अगाडी बढ्नु पर्ने टड्कारो आवस्यकता रहेको व्यहोरा यस सम्मानित सभामा उपस्थित हुनुभएका सदस्यहरुलाई अबगत गराउँदै र यस अभियानलाई थप ससक्त रुपमा आगाडी बढाउन सबैबाट रचानात्माक सल्लाह सुझाब तथा सक्रीय नियमित बचत सहितका वित्तीय कारोबारहरुबाट बलियो साथ दिनु हुनेछ भन्ने अपेक्षा सहित यस साधारणसभामा प्रस्तावित कार्यक्रमहरुमा छलफल गरी पारित गरिदिनुहुनका लागि हार्दिक अनुरोध गर्दै यस संस्थालाई यस अबस्थासम्म आइपुग्न सहयोग गर्नु हुने संस्थाका संस्थापक अध्यक्षज्यूहरु सल्लाहाहकार संचालक समितिका पूर्व एवम् वर्तमान पदाधिकारी एवम् सदस्यज्यूहरु लेखासमितिका संयोजक एवम् सदस्यज्यूहरु उप-समिति सहित सम्पूर्ण शेयर सदस्यज्यूहरु, मुख्य ब्यबस्थापक लगायत ब्यबस्थापन समूह सहित अहोरात्र खटिने सम्पूर्ण कर्मचारीहरु प्रति हार्दिक कृतज्ञता सहित आभार ब्यक्त गर्दछु ।

जय जय जय सहकारी

भिम प्रसाद गौतम

अध्यक्ष

पश्चिम नेपाल बचत तथा ऋण सहकारी संस्था लि.
o m s N N s i
NEFSCUN

## साकोसको १६ औं बार्षिक साधारणसभामा संस्थाका सचिव कृष्णप्रसाद आचार्यद्वारा पेश भएको आ. ब. २०७९/०८० को प्रगति तथा आ. ब. २०८०/०८१ को नीति तथा कार्यशक्रम



१६औं बार्षिक साधारणसभाका श्रद्धेय अक्ष्यक्षज्यू, प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यूहरु सँस्थाका पूर्ब अध्यक्ष तथा सल्लाहाकारज्यूहरु सञ्चालक समितिका पदाधिकारी तथा सदस्यज्यूहरु, लेखा समितिका संयोजक तथा सदस्यज्यूहरु, ऋण उपसमितिका संयोजक तथा सदस्यज्यूहरु, सँस्थाका मातहतमा रहेको सबै सेवाकेन्द्रका संयोजक तथा सदस्यज्यूहरु, बिभिन्न उपसमितिका संयोजक तथा सदस्यज्यूहरु, यस बार्षिक साधारणसभामा बिभिन्न सरकारी तथा गैरसरकारी सँस्थाबाट पाल्नुहुने अतिथिज्यूहरु, पत्रकार मित्रहरु, केन्द्रिय कार्यलयका व्यबस्थापक, बिभागीय प्रमुख, सेवा केन्द्र प्रमुखहरु लगायत सम्पूर्ण कर्मचारी मित्रहरु साथै आदरणीय शेयर सदस्यज्यूहरु प्रति सहकारीको तर्फ र मेरो ब्यक्तिगत तर्फबाट न्यानो अभिबादन ब्यक्त गर्न चाहन्छु ।

आदरणीय अतिथि एवम् शेयर सदस्यज्यूहरु म्याग्दी जिल्लाको दोस्रो ब्यापारिक केन्द्र दरबाङमा कार्यलय रहने गरी २०६३ चैत ११ गते डिभिजन कार्यलय बाग्लुङमा दर्ता भई ग्रामीण क्षेत्रका ब्यक्तिहरुलाई शेयरसदस्यको रुपमा संगठित बनाउँदै, म्याग्दी जिल्लाका बिभिन्न स्थानमा रहेका सहकारी सँस्थाहरुलाई एकीकरण गदै सिंगो म्याग्दी जिल्ला र पर्बत जिल्लाको जलजला गाउँपालिकालाई कार्यक्षेत्र बनाउँन सफल भएको सबैमा अबगत भएकै कुरा हो । बिगत १६ बर्षदेखि निरन्तर रुपमा सदस्यहरुको हितमा कार्य गर्दै आइरहेको अबस्थामा बिश्व ब्यापी कोभिड १९ को कारणले सहकारी क्षेत्र पनि अछुतो रहन सकेन साथै बिश्व अर्थतन्त्र धरासाही अबस्थामा पुगे सँगै नेपालको अर्थतन्त्र पनि अछुतो नरहेको अबस्थामा समग्र सहकारी क्षेत्र पनि धरासाही बन्दै गयो, नेपालको केही सहकारीहरुको कमजोरीलाई देखाएर समग्र सहकारी क्षेत्र नै खराब हो भन्ने भ्रम फैलाउन बिभिन्न सामाजिक सञ्जालहरु पछी परिरहेको पनि देखिन्छ यस्ता कारक तत्वहरुले गर्दा संस्थाले लिएको लक्ष्यहरु पूरा गर्ने कतै न कतै बाधा पुगेको देखिन्छ । नियमक निकायले नि बेवास्ता गरेको देखिन्छ । यो अबस्थामा पनि हाम्रो सहकारी निमयक निकायले तोकेको आर्थिक सूचाङ्क भन्दा बढी नै उपलब्धी गरेको छ, यस बिषयको सन्दर्भमा कोषाअध्यक्षको प्रतिबेदन र लेखा परिक्षण प्रतिबेदनबाट थप स्पष्ट हुनु हुने छ भन्ने बिश्वास लिएको छु ।

## गरिएका उपलब्धिहरु:

| सि.न | बिबरण | ०७५ असार मसान्त | ०७६ असार मसान्त | ०७७ असार मसान्त | ०७८ असार मसान्त | ०७९ असार मसान्त | ०८० असार मसान्त |
|---|---|---|---|---|---|---|---|
| १ | संस्थाको कार्यक्षेत्र | सम्बन्धित संस्थाहरुको तोकीएको स्थानहरु | म्याग्दी जिल्ला भर | | | पर्वत जिल्लाको जलजला गाउपालिका | |
| २ | सेवाकेन्द्र | १ दरबाङ | ४ (दरबाङ, बेनी , ताकम, तातोपानी) | ६ (दरबाङ, बेनी , ताकम, तातोपानी, बावियाचौर , पोखरेबगर) | ७ (दरबाङ, बेनी , ताकम, तातोपानी, बावियाचौर , पोखरेबगर ,भगवती) | ८(दरबाङ, बेनी , ताकम, तातोपानी, बावियाचौर , पोखरेबगर, भगबती, नवकालिगण्डकी | ८(दरबाङ, बेनी , ताकम, तातोपानी, बावियाचौर , पोखरेबगर, भगबती, नवकालिगण्डकी |
| ३ | शेयर सदस्य | १,६६५ | २,४७१ | ३,२५१ | ४,१६२ | ५,३१० | ६,१२२ |
| ४ | शेयर पुजी | ४,४०,९७,२०० | ६३६५९००० | ९,५८,८८,५०० | १०,३९,२९,९०० | १२,८६,७२,७०० | १२,९५,१८,२०० |
| ५ | जगेडा काष | १,०२,१०,८९१.४५ | १,३९,६६,५२१.७० | १,६५,१९,६०६.३२ | १,८६,५२,४१२.१९ | २,६०,६९,०११.०५ | ३,०२,५४,२५५.०२ |
| ६ | कर्जा नोक्सानी ब्यबस्था | २६,८५,०२७.४९ | ४१,६६,१२१.७६ | ६९,९३,०१६.४२ | ७९,९३,०१६.४२ | १,०१,४८,२२०.४८ | १,१६,४८,२२०.४८ |
| ७ | कुल सम्पती (वासलात) | ३४,७१,८९,६५९.५३ | ४३,२०,७५,३१२.१४ | ६७,२५,४२,९१९.८२ | ८८,२३,८९,०६३.७८ | १,०१,५७,४०,५४०.३९ | ९७,५३,५९,४७८.०५ |

**यस अबधिमा निमार्ण तथा संसोधन गरिएको विनियम, ऐन तथा नियमावलीहरु:**

१) आर्थिक नीति

२) ऋृण नीति

३) बचत नीति

४) संगठन तथा सामान्य नीति

५) सुशासन नीति

६) मानब संसाधन ब्यबस्थापन नीति

७) बार्षिक साधारण सभा तथा निर्वाचन नीति

८) नगद परिचालन नीति

९) बाह्य सापटी (ऋृण) नीति

१०) सदस्यता नीति

११) शेयर नीति

१२) सदस्य सेवा नीति

१३) सम्पति सुद्धिकरण निवारण कार्यन्वयण नीति

१४) धितो मूल्याङ्कण नीति

१५) संरक्षित पूंजी फिर्ता कोष कार्यबिधि

१६) कर्मचारी सहुलियत ऋण कार्यबिधि

१७) कर्मचारी उपदान कार्यबिधि

१८) साकोस स्थिरिकरण कोष स्थापना तथा सञ्चालन कार्यबिधि

१९) लिलाम बिक्री सम्बन्धी कार्यबिधि

२०) सेवाकेन्द्र सञ्चालन तथा व्यबस्थापन निर्देशिका

२१) सवारी साधन प्रयोग निर्देशिका

२२) सदस्य सुरक्षा तथा राहत कोष सञ्चालन निर्देशिका

२३) पश्चिम नेपाल साकोसको चार बर्षे रणनीतिक योजना

संस्थाको पन्ध्रौ साधारणसभा २०७९ कार्त्तिक ४ गते सम्पन्न गरिएको थियो । पहिलो चरणको साधारण सभा सबै सेवाकेन्द्रमा पुगी प्रतिनिधी छनोट सँगै सुझाब सङ्कलन गरी सम्पन्न गरिएको थियो र सोही प्रतिनिधी मार्फत कार्त्तिक ४ गते बेनी नगरपालिका ४ तातोपानी श्रेष्ठ होटल हटस्प्रीङमा प्रतिधिी मुलक उपस्थितिमा उठेका जिज्ञासामाथि छलफल गरिएको थियो साथै अबिधेशन मार्फत सर्बसहमतिले नया सञ्चालन समिति गठन गरी साधारणसभालाई अन्तिम रुप दिइएको थियो ।

सस्थाका पूर्ब अध्यक्षज्यूहरु, सल्लाहाकारज्यूहरु पूर्ब सञ्चालक समितिका सदस्यज्यूहरुबाट सस्थाको बारेमा चासो र चिन्ता ब्यक्त गर्दै बिभिन्न सुझाब प्राप्त भएका थिए जस मध्ये ऋण लगानी, संस्थागत पूंजी, भाका नागेको ऋण, सहकारी शिक्षा , नियमित बचत, बित्तीय सुशासन र बित्तीय अबस्था, सक्रीय र निश्कृय सदस्य, सदस्य सन्तुष्टी फाराम जस्ता तमाम बिषयमा उठेका जिज्ञासाहरुमा छलफल भएको थियो ।

१) संस्थाले पन्ध्रौ साधारण सभा र अबिधेशन पश्चात सञ्चालक समितिहरुमा नयाँ अनुहारको आगमन भएको कारण सञ्चालक समिति र कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्ने उद्देश्यले २०७९ मंसिर २१ देखि २४ सम्म पोखरामा**CUDCC** तालिम सञ्चालन गरेको थियो ।

२) देशको अर्थतन्त्रमा गिरावट आइरहेको अबस्था, सहकारी प्रतिको आम मानिसहरुमा भ्रम सिर्जना भएको र १५ औं साधारण सभामा सहकारी शिक्षाको आबस्यकता भन्ने सुझाबको आधारमा २०७९ फागुन १० देखि १७ गतेसम्म सबै सेवाकेन्द्रमा सेवाकेन्द्र स्तरीय बित्तीय साक्षरता र सहकारी शिक्षा कार्यक्रम सञ्चालन गरियो ।

३) सहकारीमा आबद्ध पश्चात सहकारी मेरा/हाम्रो सहकारी हो भन्ने भावनाको विकास होस भन्ने उद्देश्यका साथ यस सस्थामा आबद्ध वृद्ध ९६ सदस्यहरुलाई २०७९ चैत २४ र २५ गते पर्यटकीय स्थल मुस्ताङ र तिर्थस्थल मुक्तिनाथ भ्रमण गराइयो ।

४) स्थापना दिबसको अबसरमा म्याग्दी जिल्ला अस्पताल बेनीमा नेपाल रेडक्रस सोसाइटी बेनीको सहयोगमा रक्तदान कार्यक्रम सञ्चालन गरिएको थियो ।

५) सदस्य राहत कोषमा आबद्ध भएकी सिर्जना भण्डारीको घर पहिरोले पुरेको कारण सोही कोषबाट रु. १५,००० सहयोग गरियो र शेयर सदस्य चन्द्रलाल तुलाचनको मृत्यू भएपछी उहाँकी धर्मपत्नीलाई रु. १०,००० सहयोग गरिएको छ ।

६) बिगत बर्षदेखि गरिएको सहकारीको नगद तथा भल्ट बिमा एबम् दुर्घटना बिमालाई निरन्तरता दिइएको छ।

७) सहकारीका अन्तराष्ट्रिय मापदण्ड पालना गर्दै सहकारीताको भावाना अनुरुप सञ्चालन गराउन नेपाल सरकारले सहकारीले पालना गर्नुपर्ने भनी व्यबस्था गरेका ऐन कानून र कार्यबिधिको पालाना गर्न सहकारीको उद्देश्य अनुरुप सञ्चालन गर्न सहजिकरण गर्न संस्था बचत तथ ऋण सहकारी केन्द्रिय संघ (नेफ्स्कुन) आबद्ध हुनमा साथै गुनस्तर सुनिश्चितता गर्न अन्तराष्ट्रिय मान्यता प्राप्त प्रोबेशन कार्यक्रममा आबद्ध भई कार्यक्रमलाई निरन्तरता दिईएको छ ।

८) प्रोवेशन कार्यक्रममा आबद्ध भएको हुँदा नेफ्स्कुनबाट समय समयमा फिल्ड भिजिट गर्ने आबश्यक सुझाबहरु पेश गर्ने कार्य निरन्तर भईरहेको छ ।

९) २०७७ फागुन २५ र २६ गते सम्पन्न गरिएको चार बर्षे रणनितिक योजनालाई सञ्चालक समितिले अध्ययन छलफल गर्ने गरिएको छ ।

१०) सदस्यलाई सहुलियत दरमा कर्जा उपलब्ध गराउने उद्देश्यले साना किसान विकास लघुबित्त संस्था पोखरासँगको सहकार्यलाई निरन्तरता दिईएको छ ।

११) कर्मचारीको कार्यक्षमताका आधारमा सेवा सुबिधा थपघट, पुरष्कार, दण्ड जरिवाना आदि गर्दै कर्मचारीको कार्यक्षमता वृद्धि होस भनी लक्ष्यसहितको कर्मचारी कार्य सम्पादन मूल्याङ्कण पद्धतीलाई निरन्तरता दिईएको छ ।

१२) हरेक बर्ष साधारण सभाको अबसरमा उत्कृष्ट कर्मचारी र उत्कृष्ट शेयर सदस्यहरुलाई सम्मान गर्ने गरिएको छ ।

१३) २०७९ साल माघ २१ गते शनिबार केन्द्रिय कार्यलय दरबाङमा सञ्चालक समिति, सेवाकेन्द्र उपसमिति, केन्द्रिय कार्यलय प्रमुख, बिभागीय प्रमुख, सेवाकेन्द्र प्रमुख, संस्थामा क्रियाशिल उपसमितिका संयोजकहरु, पुर्ब सञ्चालक समिति र सल्लाहाकारहरुसँग अर्धबार्षिक समिक्षा गरिएको थियो ।

१४) नेफ्स्कुनमा २५,००,०००, राष्ट्रिय सहकारी बैंकमा २,१०,००० र जिल्ला सहकारी संघमा १३,१०० शेयर लगानी गरिएको छ ।

१५) समयअनुरुप सदस्य सेवामा सहजता ल्याउने उद्देश्यले मोबाइल बैंकिग सेवा, बिजुली पानीको बिल भुक्तानी सेवा सञ्चालन गरिएको छ ।

१६) ऋणि सदस्यहरुलाई ऋणको ब्याज किस्ताका लागि कार्यलयबाट पटक पटक ताकेता गर्दा, सञ्चालक समितिका पधाधिकारीले प्रत्यक्ष्य भेटेर कर्जा ब्याज किस्ता समयमा भुक्तानी गर्न भनी सल्लाह दिँदा समेत समयमा भुक्तानी नगर्ने ऋणी सदस्यहरुको धितो लिलाम गरी असुली गर्ने प्रक्रिया अगाडि बढाईएको छ ।

१७) मासिक रुपमा बित्तीय कारोबार सहकारीको वेबसाइट, फेसबुक मार्फत सार्बजनिक गर्ने गरिएको छ ।

१८) बिसम परिस्थिति बहेक सञ्चालक समितिको बैठक हरेक महिनाको ७ गते केन्द्रिय कार्यलय दरबाङमा बस्ने गरिएको छ ।

१९) सदस्य सेवालाई मध्यनजर गर्दै संस्थाले प्रदान गर्ने सेबा चुस्त दुरुस्त, छिटो छरितो र सहज होस भन्ने उद्देश्यले संस्थाको आबश्यकता अनुरुप बिभिन्न उपसमितिहरु गठन गरी कार्य सम्पादन गर्ने गरिएको छ ।

**चालु साधारण सभाबाट अनुमोदन गर्नुपर्ने बिषय तपशिल बमोजिम पेश गरिएको छ :**

क) सञ्चालक समिति, लेखा सुपरिबेक्षण समिति, ऋण उप समिति, सेवा केन्द्र सञ्चालन उप समिति, शिक्षा उप समिति, खरिद उप समिति, कर्मचारी पदपुर्ति उप समिति, बिपद राहत कोष सञ्चालन उप समितिबाट गरिएका निर्णय र सो निर्णय अनुरुप नियमानुसार सञ्चालित कार्यक्रमहरु यस साधारण सभाबाट अनुमोदनका लागि अनुरोध छ ।

ख) साधारण सभाले प्रदान गरेको अख्तियारी बमोजिम निर्माण गरी कार्यन्वयन गरिएको कार्यबिधी निर्देशिकाहरु अनुमोदन गरिदिन अनुरोध छ ।

ग) सञ्चालक समितीले मस्यौदाको रुपमा पेश गरेका तपसिलका नीतिहरुलाई पास गरिदिन अनुरोध छ ।

- सदस्य सुरक्षा तथा राहत नीति संसोधन
- गल्ति ब्यबस्थापन नीति
- भाका नागेको ऋण असुली नीति
- कागज धुलाई नीति

**२०७९/०८० मा सञ्चालक समिति र अन्य उपसमितीको बैठक बिबरण**

| | |
|---|---|
| • सञ्चालक समिति | १६ पटक |
| • लेखा सुपरिबेक्षण समिति | २ पटक |
| • दरबाङ सेवाकेन्द्र उपसमिति | ४. पटक |
| • बेनी सेवाकेन्द्र उपसमिति | १४ पटक |
| • बावियाचौर सेवाकेन्द्र उपसमिति | ५ पटक |
| • तातोपानी सेवाकेन्द्र उपसमिति | ५ पटक |
| • कालीगण्डकी सेवाकेन्द्र उपसमिति | ५ पटक |
| • पोखरेबगर सेवाकेन्द्र उपसमिति | २ पटक |
| • ताकम सेबाकेन्द्र उपसमिति | १ पटक |
| • भगवती सेवाकेन्द्र उपसमिति | १ पटक |
| • ऋण उपसमिति | ८ पटक |
| • खरिद उपसमिति | ११ पटक |
| • पदपुर्ती उपसमिति | ७ पटक |
| • प्रोबेशन कार्यदल | ३ पटक |
| • शिक्षा उपसमिति | १ पटक |
| • संयुक्त बैठक | ३ पटक |

**आ.ब २०८०/०८१ का लागि सामाजिक उत्तरदायित्वका कार्यक्रमहरु :**

१. संस्था स्थापना दिवसको अबसरमा रक्तदान कार्यक्रम गरिनेछ ।

२. ८ वटै सेवाकेन्द्रमा फागुन महिनामा सदस्य शिक्षा कार्यक्रमको आयोजना गरिनेछ ।

३. बैशाख महिनामा जेष्ठ नागरिक सदस्यलाई तिर्थयात्रा भम्रण कार्यक्रम गरिनेछ ।

४. संस्थाको कार्यक्षेत्र भित्र रहेका बिद्यालयहरुमा पालिका स्तरीय हाजिरी जवाफ प्रतियोगिता सञ्चालन गरिनेछ ।

५. सञ्चालक र लेखासमितिको लागि मंसिर महिनामा सहकारी शैक्षिक भ्रमणको आयोजना गरिनेछ

६. मालिका ६ दरबाङ बजारमा माघ महिनामा २ दिने स्वास्थ्य शिबिर सञ्चालन गरिनेछ ।

**उद्देश्यहरु:**

- संस्थाबाट सेवा लिने सदस्यहरुको वृद्धि गर्ने
- बित्तीय सक्षमता अभिवृद्धि गर्ने
- जोखिम ब्यबस्थापनलाई मजबुत बनाउने
- डिजिटल रुपान्तरणलाई प्रेरित गर्ने

- सदस्यहरुको सहभागिता, सक्रियता र सन्तुष्टी स्तरलाई बढाउने
- कर्मचारीको क्षमता अभिबृद्धिको लागि बिषयगत तालिमहरु सञ्चालन गर्ने
- संस्थागत पुजी बृद्धि गर्ने
- नबिनतम प्रबिधीको बिकास गर्ने
- उद्देश्य मिल्ने सहकारीहरुसँग एकीकरणलाई निरन्तरता दिने

**संस्थाका सबल पक्षहरु:**

- बित्तीय बजारमा तरलता संकुचनको अबस्था रहे पनि पश्चिम नेपाल साकोसको तोकेको मापदण्ड भन्दा बडीरहनु ।
- नियमित बित्तीय प्रतिबेदन प्रकाशन जस्ता क्रियाकलापले सदस्य र सर्बसाधारणको वीचमा संस्थाको सकारात्मक धाराण हुनु
- बित्तीय बजारमा तरलता संकुचनको अबस्थामा पनि निरन्तर कर्जा प्रबाह गर्न सफल हुनु
- जिल्ला प्रदेश र केन्द्रिय स्तरका छाता संघहरुको बिश्वास जित्न सफल हुनु
- सबै सेवाकेन्द्रमा सदस्य शिक्षा कार्यक्रम सञ्चालन सँगै संस्थाको नियमित बचत, मोबाइल बैंकिङ, इन्तरनेट बैंकिङ प्रयोगकर्ताको बृद्धि हुँदै जानु
- म्याग्दी जिल्लाको पश्चिम भेगको साबिक पाँच गा. बि. स. (दरबाङ, ओखरबोट, रुम , देबिस्थान र निस्कोट) बाट स्थापना भएको संस्थाको कार्यक्षेत्र दुई जिल्ला बिस्तार गर्न सक्षम हुनु
- छिटो छरितो तरिकाबाट सदस्यहरुलाई रेमिट्यान्स, कर्जा ,बचत आदि सेबा प्रदान गर्न सफल हुनु

**संस्थाका चुनौतीहरु :**

- सुशासनमा नभएका सहकारी संस्थाहरु समस्याग्रस्त भई बचतकर्ताको बचत फिर्ता दिन नसकेको र सामाजिक सञ्जालहरुबाट वास्तबिक भन्दा पनि भ्रम सृजना गर्ने खालको समाचारहरु प्रकाशनका कारण सदस्य र सर्बसाधारणको नजरमा सहकारीको छबी खस्कँदो अबस्थामा रहनु
- सहकारी संघ संस्थाका लागि जारी गरिएको निर्देशनमा भएको सन्दर्भ ब्याजदर निर्धारणको मापदण्डहरु सहकारीको हितमा नहुनु
- जिल्ला प्रदेश र केन्द्रिय स्तरका सहकारी संघसंस्थाहरुले नेपाल सरकारसंग सहकारी अभियानको हित हुने गरी कुनै ठोस दबाब सिर्जना गर्न नसक्नु
- सरकार, राजनितीक दल र कर्मचारी संयन्त्र सहकारीको हितको पक्षमा स्पष्ट हुन नसक्नु
- बित्तीय बजारमा तिब्र प्रतिस्पर्धा हुनु

अन्तमा आदरणीय शेयर सदस्यज्यूहरु सहकारी आजको अबस्थामा पु¥याउनका लागि सहकारीमा आफ्नो समय खर्चने, स्थापना कालदेखि हालसम्मका सञ्चालक समिति, लेखा सुपरिबेक्षण समिति, शिक्षा उप समिति लगाएत बिभिन्न बिषयगत समितिका पधाधिकारी एबम् सदस्यज्यूहरु, सल्लाहाकार समितिका सम्पुर्ण सदस्यज्यूहरु, साकोसका शेयर सदस्यज्यूहरु सबैको उत्तीकै देन रहेको बर्तमान सञ्चालक समितिले आवास गरेको छु साथै आ. ब. २०७९/०८० को प्रतिबेदन र आ.ब. २०८०/०८१ को प्रताबित बार्षिक नीति तथा कार्यक्रम सुनिदिनु भएकोमा प्रमुख अतिथि, अन्य उपस्थित माहानुभाबहरु शेयर सदस्यहरु प्रति हार्दिक धन्यबाद ज्ञापन गर्दछु । साथै प्रतिबेदन छलफल र निर्णयका लागि अनुरोध गर्दै बिदा लिन चाहन्छु ।

जय सहकारी ।
जय पश्चिम नेपाल ।।

कृष्णप्रसाद आचार्य
सचिब

# १६ औं बार्षिक साधारणसभामा संस्थाका कोषाध्यक्ष श्री श्रीराम पौड्याल मार्फत प्रस्तुत आर्थिक प्रतिबेदन तथा आ.ब. ०८०/०८१ का लागि प्रस्ताबित बजेट



श्रद्धय अक्ष्यक्षज्यू, प्रमुख अतिथीज्यू, बिशिष्ट अतिथिज्यूहरु यस सँस्थाका सल्लाहाकारज्यूहरु, पुर्व अध्यक्षज्यूहरु, उपाध्यक्ष लगायत पदाधिकारी एबम् सञ्चालक समितिका सदस्यज्यूहरु, लेखा सुपरीबेक्षण समितिका संयोजक तथा सदस्यज्यूहरु , नियमक निकायका प्रमुख एबम् प्रतिनिधिहरु बिप्रेषण सेवा प्रदायक कम्पनीका प्रमुख एबम् प्रतिनिधिज्यूहरु, बित्तीय साझेदार सँस्थाका प्रमुख एबम् प्रतिनिधिज्यूहरु, ऋण उपसमितिका संयोजक तथा सदस्यज्यूहरु, सबै सेवाकेन्द्रका संयोजक तथा सदस्यज्यूहरु, यस संस्था अन्तर्गत गठित बिभिन्न उप समितिका संयोजक तथा सदस्यज्यूहरु, आदरणीय शेयर सदस्यज्यूहरु, ब्यबस्थापक, बिभागीय प्रमुख, सेवाकेन्द्र प्रमुखहरु लगायत सम्पूर्ण कर्मचारी साथीहरु, पत्रकार मित्रहरु लगायत उपस्थित सम्पूर्णमा सँस्थाको तर्फदेखि र मेरो ब्यक्तिगत तर्फबाट न्यानो सहकारी अभिबादन ब्यक्त गर्दछु ।

२०६३ चैत ११ गते तत्कालिन सहकारी डिभिजन कार्यलय बाग्लुङमा दर्ता भई ग्रामिण क्षेत्रका ब्यक्तित्वहरुबाट शेयर सदस्यको रुपमा संगठित हुँदै आजको १६औं गरिमामय सभामा संस्थाको कोषाध्यक्षको रुपमा संस्थाको अर्थिक अवस्थाको बारेमा यहाँहरु समक्ष प्रस्तुत गर्न पाउँदा आफैलाइ गौरवान्वित र भाग्यशालि ठानेको छु । संस्थामा आबद्ध हुनु भयको ६ हजार भन्दा बढी सदस्यहरुले आफुलाई दिएको जिम्मेवारी आजका दिनसम्म आफ्नो क्षमताले भ्याएसम्म इमान्दारिताका साथ निभाउने प्रयास गरेको छ ।

आदरणीय सभा अध्यक्षज्यु ,

बिश्व अर्थ बजारमा वित्तीय कारोबार गर्ने उद्देश्यले विभिन्न तहका संस्थाहरु स्थापना भयको पाईन्छ, ती मध्ये बचत तथा ऋण सहकारी नितान्त आफ्नो सदस्यहरुको हितमा मात्र कम गर्ने उद्देश्यले स्थापना भएको हो संस्थाका नीति बिधि र नेपाल सरकारको अधिनमा रही हामीले समयानुकुल संस्थालाई थप संस्थागत पारदर्शिता सदस्यहरुको अधिकतम हित कर्मचारीहरुको सेवा सुबिधा लगायतमा सुधार गरिएको छ ।

ग्रामिण क्षेत्रमा । स्थापना भएर  बिस्तारै अर्थतन्त्रको घना क्षेत्र सहर तर्फ पनि हाम्रो पाइला चाल्ने कार्यक्रम सुरु भईसकेको छ स-साना  उद्देश्य मिल्ने र सबै एक सुत्रमा बाँधिएर पनि उत्कृष्ट सेवा दिन  सकिन्छ भन्ने हाम्रो बिश्वास हो ।  यसैलाई आत्मसाथ गरी अगाडी बढी रहेका छौं ।

परिबर्तनशिल र चलायमान अर्थतन्त्र पूंजीवादी अर्थ ब्यबस्थाबाट मिश्रित अर्थ ब्यबस्था प्रबेश गरेको हाम्रो देशको अर्थतन्त्रमा सहकारीले तीन वटा खम्बा मध्ये एक खम्बाको रुपमा काम गरेको छ । हामी भरपर्दो खम्बाको एउटा इट्टाको रुपमा हाम्रो संस्थालाई अगाडी बढाउन चाहन्छौं ।

तर अर्थतन्त्र सोचेजस्तो सहज छैन । अर्थतन्त्रलाई प्रभाब पर्ने विभिन्न तत्वहरु हुन्छन् प्रकृति प्रकोप र महामारीको कारण अर्थतन्त्रलाई नकारात्मक प्रभाब पर्छ, हाल हामीहरु पनि यसबाट टाढा रहन सकेनौ तर पनि हरदम प्रयास, सदस्यज्यूहरुको माया कर्मचारीहरुको लगनसिलताका कारण हामी तुलनात्मक रुपमा सन्तोषजनक नै छौं ।

कोबिड महामारीका कारण देखा परेको बेरोजगारी आर्थिक संकुचन मूल्य बृद्धी र ग्रामिण तहबाट बसाईसराइ गरी सहरीकरण हुने परिस्थिति  र सदस्यहरुको आय स्तरमा सोचे अनुसार प्रगति नहुँदा संस्थामा केहि असर परेको छ । तै पनि लेखा परिक्षण प्रतिबेदन र आन्तरिक परिश्रमको क्रममा पनि सकारात्मक संकेतहरु देखा परेका छन्। संस्थाको अल्पकालीन र दीर्घकालिन योजनाहरुको कार्यन्वयन तर्फ हामी बिशेष सजक र सचेत छौं सोही सदस्यहरुले पनि आफ्नो संस्थाप्रति विश्वास र निरन्तर संस्थासँग बचत तथा ऋणको कारोबारमा रहेर टेवा दिनुभयो भने निश्चित रुपमा संस्थाले लक्ष्य हासिल गर्ने र सदस्यहरुलाई उचित मुनाफा दिन सक्ने कुरामा प्रतिबद्ध रहँदै अब म आ.ब. २०७८/०७९ को र २०७९/०८० को यथार्थ बिवरण सहित आगामी आ.ब. २०७८०/०८१ को प्रस्ताबित गरिएको अनुमानित लक्ष्य सहितको बजेट प्रस्तुत गर्ने अनुमती चाहन्छु ।

| आ.ब. ०७८/०७९ र ०७९/०८० को येथार्थ र आगमी आ.ब. ०८०/०८१ का लागि प्रस्तावित शिर्षक | | | | |
|---|---|---|---|---|
| क्रम सं | शिर्षक विवरण | आ.ब.(०७८/०७९) | आ.ब.(०७९/०८०) | प्रस्तावित आ.ब.(०८०/०८१) |
| १ | शेयर | १२,८६,७२,७०० | १२,९५,१८,२०० | १३,७०,१८,३०० |
| २ | निक्षेप | ६,९४,००,४५,७३१ | ६६,३७,९७,०१७ | ८१,३७,९७,०१७ |
| ३ | ऋण लगानी | ८०,५७,७५,०२०.३ | ७४,०४,७६,६८६.५ | ९०,०४,७६,६८६ |
| | आम्दानी | २,५२,७१,४०६.६६ | १,५९,५६,८२३.९८ | २,४४,३५,५५० |

| आम्दानी विवरण तर्फ (यथार्थ आ.ब.०७८/०७९ र ०७९/०८० को र प्रस्तावित आ.ब. ०८०/०८१को लागि विवरण) | | | | |
|---|---|---|---|---|
| क्र. सं. | शिर्षक विवरण(आम्दानी) | आ.ब.(०७८/०७९) | आ.ब.(०७९/०८०) | प्रस्ताबित.आ.ब. |
| १ | ब्यबस्थापन सुल्क(कर्जा दर्ता,फर्म) | ३,१२,५०४.०० | ८५,२०२.०० | १,००,००० |
| २ | प्रवेश सुल्क | ११,३००.०० | १५,७७०.०० | ५०,००० |
| ३ | बिलम्ब सुल्क(हर्जाना) | ६७११.६८ | १२,७५,८४९.७२ | ० |
| ४ | आबेदन सुल्क | ९९,२९८.०० | ०.०० | ५०,००० |
| ५ | रेमिटेन्स सुल्क | ११,२७,७५१.९१ | ८,९३,१४०.७५ | १०,००,००० |
| ६ | लाभांश प्राप्त | ३,२७,२४९.७६ | १,९५,०३४.६० | २,५०,००० |
| ७ | विविध शुल्क | १,७८,५२४.०७ | ६५,५९८.०३ | १,५०,००० |
| ८ | ऋण लगानी बाट प्राप्त ब्याज | १०,६८,५५,७७३.३४ | ११,५६,३०,४५१.८० | १३,८०,००,००० |
| ९ | बैंक ब्याज | ५१,६५,९६९.०८ | ७३,९७,५३६.३५ | ८५,००,००० |
| १० | यस. एम. यस.एप | ७७,९५०.०० | ३,१२,२९५.२८ | ५,००,००० |
| | जम्मा | ११,४१,६३,०३१.८४ | १२,५८,७०,८७८.५३ | १४,८६,००,००० |

**खर्च विवरण तर्फ** (यथार्थ आ.ब.०७८/०७९ तथा ०७९/०८० को र प्रस्तावित आ.ब. ०८०/०८१को लागि प्रस्तावित विवरण हरु)

| क.सं. | शिर्षक विवरण(खर्च तर्फ) | आ.ब.(०७८/०७९) | आ.ब.(०७९/०८०) | प्रस्तावित आ.ब.(०80/०८1) |
|---|---|---|---|---|
| १ | मसलन्द तथा छपाई खर्च | २,६५,७९३.०० | २,८१,०३४.६३ | ३,२५,००० |
| २ | पानि तथा बिधुत महसुल खर्च | १,५२,१७४.०० | १,७१,११४.०० | २,००,००० |
| ३ | मर्मत सम्भार खर्च | १,४४,६४७.०० | २,०२,१५५.०० | २,५०,००० |
| ४ | टेलिफोन तथा इन्टरनेट खर्च | ३,१४,२५०.०० | २,३९,६९५.०० | ३,००,००० |
| ५ | समिति उपसमिति बैठक खाना खाजा खर्च | ३,०६,८२०.०० | २,३५,६८०.०० | ३,२५,००० |
| ६ | इन्धन तथा यातयात खर्च | ३,३२,६४८.०० | २,९४,४५७.५९ | ३,००,००० |
| ७ | बार्षिक (बिसेष) साधारणसभा खर्च | ७,५३,४८०.०० | १२,५२,३३३.०० | १५,००,००० |
| ८ | बैठक भत्ता खर्च | ३,५४,०००.०० | ४,५०,४००.०० | ५,००,००० |
| ९ | सफ्टवेयर नबिकरण खर्च | १,४२,३८०.०० | १,५९,३३०.०० | १,८०,००० |
| १० | समान खरिद खर्च/कार्यालय सामग्री | ३१,५७०.०० | ४७,१२०.०० | ६०,००० |
| ११ | स्थानीय तह कर सुल्क | २,०००.०० | १८,९५९.०० | ५०,००० |
| १२ | कार्यालय भाडा खर्च | १५,८१,३५६.०० | १६,०७,३०४.०० | १७,००,००० |
| १३ | एस एम एस चार्ज | २०,८९०.०० | ५६,६१५.०० | ७५,००० |
| १४ | क्यालेन्डर प्रकाशन खर्च | १,१८,९६६.०० | १,२५,०००.०० | १,३५,००० |
| १५ | बिबिध तथा भैपरी (exp,other exp,ofice exp,mis exp, | २,५९,१३४.१८ | ३१,१२२.०० | १,५०,००० |
| १६ | पत्रपत्रिका खर्च(शुभकामना सूचना/बधाई ) | १०,०००.०० | १९,०००.०० | ३०,००० |

| | | | | |
|---|---|---|---|---|
| १७ | तालिम (शेयर सदस्य ,कर्मचारी) | ५०,८२०.०० | ४,४३,०६०.०० | ४,२५,००० |
| १८ | सहयोग तथा सामाजिक उत्तरदाइत्त्व कार्यक्रम खर्च | ५,०००.०० | ५०,१००.०० | ५०,००० |
| १९ | अतिथि सत्कार खर्च(चिया खर्च) | ७३,७५५.०० | ४०,३८५.०० | ५०,००० |
| २० | लेखापरीक्षण सुल्क | १,७५,०००.०० | १,७५,०००.०० | १,८५,००० |
| २१ | हारस् कट्टी खर्च | १८,७३,२२९.०० | १६,९०,६९१.८९ | १७,५०,००० |
| २२ | कर्मचारी तलब भत्ता | ९०,१५,२०४.०० | १,१०,६३,११३.०० | १,२०,००,००० |
| २४ | कल्याणकारी कोष | ९,९१,८९६.०० | ७,८८,६२५.०० | ९,००,००० |
| २५ | कर्मचारी उपदान(अवकाश) कोष खर्च | ३१,७१५.०० | ४,४३,२४९.०० | ४,८५,००० |
| २६ | कर्मचारी उपदान(अवकाश) कोष ब्यबस्था | ०.०० | ०.०० | २०,००,००० |
| २७ | पोशाक खर्च | ३०,०००.०० | ४,२०,०००.०० | ४,५०,००० |
| २८ | कर्मचारी उत्प्रेरणा कार्यक्रम खर्च | ३०,०००.०० | | ४५,००० |
| २९ | ब्याज खर्च | ६,६४,२२,६२६.०० | ७,४२,६८,९९५.३५ | ८,३०,००,००० |
| ३० | ढुकुटी भल्ट बिमा खर्च | १,०५,७४८.०० | ३५,४०८.०० | ५०,००० |
| ३१ | सवारी साधन बिमा खर्च | | ४२,०३६.०० | ४५,००० |
| ३२ | बाह्य ऋणको ब्याज खर्च | ३०,५०,०६८.०० | १,३२,८३,४७५.०९ | १,३५,००,००० |
| ३३ | nefscun तालिम/प्रोबेशन कार्यक्रम खर्च | ६७,५००.०० | ७५,०००.०० | ७५,००० |

| | | | | |
|---|---|---|---|---|
| ३४ | कर्जा जोखिम कोष मा transfer खर्च | १५,००,०००.०० | १५,००,०००.०० | १५,००,००० |
| ३५ | बिजुली वाईरिंग खर्च | ६०,१५५.०० | | २०,००० |
| ३६ | ब्याक अप खर्च | १,३३,३९६.०० | १,२२,०४०.०० | १,५०,००० |
| ३७ | कर्मचारी बिमा खर्च | ०.०० | ८५,०२०.०० | १,००,००० |
| ३८ | ढुवानी तथा ज्याला | ३३,२७५.०० | ३२,५००.०० | ५०,००० |
| ३९ | वेबसाईट निर्माण/मर्मत खर्च | ३,५००.०० | ६,५००.०० | ७,५०० |
| ४० | रक्तदान कार्यक्रम खर्च | | २२,२९०.०० | ३०,००० |
| ४१ | अध्यन अबलोकन खर्च | ०.०० | ०.०० | २,००,००० |
| ४२ | कर्मचारी बैठक खर्च | २१,५००.०० | ०.०० | २५,००० |
| ४३ | राष्ट्रिय गोष्ठी तथा सेमिनार खर्च | २७,१२०.०० | | ३०,००० |
| ४५ | बाह्य रिनको ब्यबस्थापन(सेवासुल्क)खर्च | ३,७५,०००.०० | | ३,७५,००० |
| ४६ | समिति कर्मचारी यातायात दैनिक भ्रमण खर्च | २३,५००.०० | ९०,३२२.०० | २,५०,००० |
| ४७ | संघ संस्था नबिकरण खर्च | | ५,५००.०० | १५,००० |
| ४८ | अन्तर बैंक ट्रान्सफर चार्ज | १,५१०.०० | २,४२५.०० | ५,००० |
| ४९ | मोबाइल एप्स नबिकरण शुल्क | | | १६,९५० |
| ५० | स्वास्थ्य,बातावरण तथा लैंगिक कार्यक्रम खर्च | | | २,५०,००० |
| ५१ | आन्तरिक लेखापरीक्षण खर्च | | ३७,०००.०० | ५०,००० |
| | जम्मा | ८,८८,९१,६२५.१८ | १०,९९,१४,०५४.५५ | १२,४१,६४,४५० |

प्रस्तुत प्रतिबेदन माथी अध्ययन गरी यहाँहरुको महत्वपूर्ण सुझाब सल्लाह सहित यस प्रतिबेदनलाई पारित गरिदिनु हुनेछ भन्ने अपेक्षा राखेको छु । यस सँस्थाका शेयर सदस्यहरुले दिनुभएको बिभिन्न पदको जिम्मेवारी सम्हाल्दै आजको दिनसम्म आईपुग्दा कसैप्रति जान अञ्जानमा मबाट केही कमी कमजोरी भएको भए क्षमा माग्दै यहाँहरुले दिनुभएको  सल्लाह सुझाबलाई आत्मसाथ गर्ने प्रतिबद्धता जाहेर गर्दै बिदा हुन चाहन्छु  ।

नमस्कार, जय सहकारी

श्रीराम पौडेल कोषाध्यक्ष

पश्चिम नेपाल साकोस म्याग्दी

**S. Devkota & Company**
*Chartered Accountants*

2nd Floor, D. Block
Kathmandu, Business Park
Teku, Kathmandu
Tel : +977-1-5908434
Email : info@sdnco.com.np
www.sdnco.com.np

**पश्चिम नेपाल बचत तथा ऋण सहकारी संस्था लिमिटेडका शेयर सदस्यहरुलाई**

**स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन**

**१. राय**

हामीले यसै साथ संलग्न **श्री पश्चिम नेपाल बचत तथा ऋण सहकारी संस्था लिमिटेड** (**"संस्था"**) को मिति २०८० आषाढ ३१ को वित्तीय स्थिती विवरण (वासलात), सो मितिमा समाप्त भएको आर्थिक वर्ष २०७९/०८० सालको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण, इक्वीटीमा भएको परिवर्तन सम्बन्धि विवरण तथा लेखा नीतिहरुको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

**१.१. संस्थाले अवलम्वन गरेको लेखा निति र लेखांकनका आधार अनुसारको राय**

लेखापरीक्षणको सिलसिलामा उपलब्ध गराइएका स्पष्टीकरण तथा सूचनाहरुको आधारमा, संलग्न वित्तीय विवरण तथा सहकारीको लेखा नीति र लेखासम्बन्धि टिप्पणी अध्ययन गर्दा संलग्न वासलातले **श्री पश्चिम नेपाल बचत तथा ऋण सहकारी संस्था लिमिटेडको** आषाढ ३१, २०८० को वित्तीय स्थिति, तथा सोही मितिमा समाप्त भएको वर्षको नाफा नोक्सान हिसाब, नगद प्रवाह र इक्विटिका भएको परिवर्तन सम्बन्धी विवरणले क्रमश: बैंकको नाफा नोक्सान, नगद प्रवाह र इक्विटिका भएको परिवर्तनको सही र यथार्थ चित्रण गर्दछ ।

हाम्रो रायमा अनुसुची १४ को बुँदा २.१.१५ मा उल्लेखित अपर्याप्तले गर्दा आर्थिक विवरणमा पर्न सक्ने प्रभाव बाहेक संलग्न वित्तीय विवरणले संस्थाको २०८० आषाढ ३१ को वित्तीय स्थिती, संस्थाको आर्थिक वर्ष २०७९/०८० को नाफा नोक्सान, नगद प्रवाह र इक्वीटीमा भएको परिवर्तनको प्रचलित कानुनको अधिनमा रहि लागु गर्न मिल्ने हदसम्म नेपाल लेखामान बमोजिम सही र यथार्थ चित्रण गर्दछ ।

**१.२. नेपाल वित्तीय प्रतिवेदन ढाचाँ (Nepal Financial Reporting Framework) अनुसार Disclaimer of Opinion**

तल अनुच्छेद २.२ मा उल्लेख भएका व्यहोराहरु सारभूतरुपमा महत्वपुर्ण भएकोमा हामीले लेखापरीक्षणमा क्रममा नेपाल वित्तीय प्रतिवेदनमानअनुसार वित्तीय विवरण तयार भएको वा सो बमोजिम खुलासा गरिएको भन्ने सम्बन्धमा पर्याप्त र उचित लेखापरीक्षण प्रमाणहरु प्राप्त गर्न असमर्थ रह्यौं, तसर्थ, वित्तीय विवरणमाथि सो बमोजिम राय बनाउन असमर्थ भएका छौं । त्यसैकारण नेपाल वित्तीय प्रतिवेदनमान र नेपाल वित्तीय प्रतिवेदन फ्रेमवर्क बमोजिम कुनै राय व्यक्त गरिएको छैन ।

Devkota & Co
Chartered Accountants

MEMBER OF THE FORUM OF FIRMS®

SFAI

**२. रायको आधार**

२.१. संलग्न वित्तीय विवरणको अनुसूची १४: प्रमुख लेखा नीतिहरुमा खुलासा गरिएअनुसार सहकारीले आफ्नो वित्तीय विवरण प्रथमत: स्वीकार्य तथा प्रचलनमा रहेका लेखा पद्धती, सहकारी ऐन, नियमावली तथा नेपाल लेखामान अनुसार तयार गरेको छ । त्यस अनुसार संस्थाले वित्तीय विवरण तयार गर्दा सहकारी ऐन र नियमावलीले तोकेका विषयमा ऐन बमोजिम र अन्य विषयमा प्रचलनमा रहेका लेखा पद्धती र नेपाल लेखामान बमोजिम कारोबारको लेखांकन गरी वित्तीय विवरण तयार गरेको छ ।

२.२. नेपाल लेखापरीक्षणमान बमोजिम लेखापरीक्षकले वित्तीय विवरणहरु लागुहुने वित्तीय प्रतिवेदन ढाँचा (Applicable Financial Reporting Framework) बमोजिम तयार भएनभएको विषयमा लेखापरीक्षकको राय जारी गर्नुपर्ने हुन्छ । नेपाल अधिराज्यमा संचालनमा रहेका संगठित संस्थाहरुको वित्तीय विवरण प्रस्तुत गर्ने विषयमा मापदण्ड तोक्ने आधिकारीक निकाय नेपाल लेखामान बोर्ड हो । सो बोर्डले जारी गरेको नेपाल वित्तीय प्रतिवेदनमान (Nepal Financial Reporting Standards) नेपाल चार्टर्ड एकाउण्टेण्ट्स् संस्थाको निर्णयानुसार साना तथा मझौला निकाय अन्तर्गत नपर्ने संस्थाहरुको हकमा आ.व. २०७३/०७४ बाट अनिवार्यरुपमा नेपाल वित्तीय प्रतिवेदनमान पालना गरी वित्तीय विवरण तयार गर्नुपर्ने गरी तोकिएको छ । यस अनुसार संस्थाले नेपाल वित्तीय प्रतिवेदनमान बमोजिम तयार गर्नुपर्ने हुन्छ । तर संस्थाले अनुच्छेद २.१ मा उल्लेख भएअनुसार संस्थाले वित्तीय विवरण नेपाल वित्तीय प्रतिवेदनमान तयार गरेको छैन ।

**३. वित्तीय विवरण उपर व्यवस्थापन र समितिको दायित्व**

नेपाल लेखामान, सम्बन्धित ऐन र अन्य नियम, कानून, अभ्यास अनुरुप वित्तीय विवरण तयार पार्ने तथा यथोचित प्रस्तुतिकरण गर्ने जिम्मेवारी संस्थाको व्यवस्थापनमा रहेको छ । उक्त जिम्मेवारीमा वित्तीय विवरणहरु तयार पार्ने तथा वित्तीय विवरणहरुको प्रस्तुतीकरणसँग सम्बन्धित आन्तरिक नियन्त्रण प्रणालीको खाका तयार गर्ने, कार्यान्वयन गर्ने तथा त्यसको प्रभावकारीता कायम राख्ने कार्यहरु पर्दछन र जसमा वित्तीय विवरणहरु त्रुटी तथा जालसाजीको कारणले सारभूत रुपमा गलत आँकडासहित छैनन् भन्ने कुरामा विश्वस्त हुने, उपयुक्त लेखा नितिहरुको छनौट र कार्यान्वयन गर्ने, आवश्यकतानुसार लेखा अनुमानहरु गर्ने कार्यहरु समेत पर्दछन् ।

**४. वित्तीय विवरणमा लेखापरीक्षकको दायित्व**

व्यवस्थापनले तयार गरेका वितीय विवरणहरु उपर राय व्यक्त गर्नु हाम्रो जिम्मेवारी हो । संस्थाले वित्तिय विवरण तयार गर्दा अवलम्बन गरेको लेखा सिद्धान्त, लेखा नितिको सान्दर्भिकता, विश्लेषण र व्यवस्थापनले गरेका महत्वपूर्ण लेखाअनुमानको उपयुक्तता एवं वित्तीय विवरण प्रस्तुतीको समग्र स्थितिको मुल्याङ्कन गर्ने कार्यसमेत लेखापरिक्षकको जिम्मेवारी अन्तर्गत पर्दछ । वित्तीय विवरण जालसाजी वा त्रुटीको कारण सारभुत रुपमा सारभूत रुपमा गलत आँकडारहित छ भन्ने कुरामा विश्वस्त हुनको लागि ती लेखापरीक्षणमान अनुसार योजना तयार गरी तद्अनुसार लेखापरिक्षण सम्पन्न गर्नु पर्दछ ।

Devkota & Co. Chartered Accountants

वित्तीय विवरणमा उल्लेखित रकम र खुलाइएका अन्य विवरणलाई पुष्ट्याई गर्ने यथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको छड्के परीक्षण कार्यविधि समेत लेखापरिक्षणमा समावेश हुन्छ । यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटीको कारण सारभूत रुपमा गलत आँकडासहित प्रस्तुत हुनसक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यवसायिक विवेकमा निर्भर हुन्छ । लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा निकायको वित्तीय विवरण तयारी यथार्थ प्रस्तुतीकरणको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तताबारे परीक्षण गरिएको छ तापनि त्यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिताबारे लेखापरीक्षणबाट राय व्यक्त गर्ने उद्देश्य राखिएको छैन ।

लेखापरीक्षण परिधी तथा अवधी, लेखापरीक्षण कैफियत तथा आन्तरीक नियन्त्रण प्रणालीमा देखिएका कमी कमजोरीका बारेमा व्यवस्थापनलाई सुझाव पेश गर्नु हाम्रो जिम्मेवारी हो र सो अनुरुप हामीले व्यवस्थापनलाई सुझाव पेश गरी सकेका छौ ।

**५. सहकारी ऐन बमोजिम हाम्रो प्रतिवेदन**

उपरोक्त अनुसार हामीले परीक्षण गरेको विवरणहरुको आधारामा देहाय अनुसार प्रतिवेदन पेश गरेका छौं:

क) लेखा परीक्षण सम्पन्न गर्न आवश्यक ठानिएका सूचना एवं स्पष्टिकरणहरु उपलब्ध भएका छन् । हिसाब किताब, श्रेस्ता सहकारी ऐन तथा प्रचलीत कानुन बमोजिम रितपूर्वक राखिएको पाइयो ।

ख) यस प्रतिवेदनसँग सम्बन्धित वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण, इक्वीटिमा भएको परिवर्तन सम्बन्धि विवरण सहकारी विभागबाट जारी भएका निर्देशनहरु एवं प्रचलित कानुनलाई आधार मानी तयार गरिएका छन् र सस्थाले राखेका हिसाब किताबसँग दुरुस्त रहेका छन्,

ग) हामीले लेखा परीक्षण गरेका श्रेष्ताहरुको आधारमा संस्थाको कारोबार सन्तोषजनक रहेको पाइयो,

घ) हामीलाई प्राप्त जानकारी तथा स्पष्टिकरण र हामीले परीक्षण गरेका श्रेस्ताहरुबाट संचालक समिति, कुनै सदस्य वा संस्थाका कुनै कर्मचारीले कानुनी व्यवस्था विरुद्ध कामकाज वा हानी नोक्सानी गरेको, वा संस्था वा निक्षेपकर्ताको सुरक्षा विपरित हुने कुनै काम गरको पाएनौं ।

S. Devkota & Co. Chartered Accountants

स्थान : काठमाण्डौ
मिति : २०८०/०५/२६
**UDIN : 230912CA00195MXLei**

सुनिल देवकोटा, एफ.सि.ए.
साझेदार
एस.देवकोटा एण्ड कम्पनी
चार्टड एकाउन्टेन्ट्स

# पश्चिम नेपाल बचत तथा ऋण सहकारी संस्था लिमिटेड

**दरवाङ्ग, मालिका गाँउपालिका -६, म्याग्दी**

**२०८० आषाढ मसान्तको वासलात**

| विवरण | अनुसुची | यस वर्ष (रू.) | गत वर्ष (रू.) |
|---|---|---|---|
| **पूंजी तथा दायित्व :-** | | | |
| चुक्ता पूंजी | १ | १२९,५१८,२००.०० | १२८,६७२,७००.०० |
| कोषहरु :- | | | |
| क) जगेडा कोष | | ३०,२५४,२५५.०२ | २६,०६९,०११.०५ |
| ख) संरक्षित पूंजी फिर्ता कोष | | ३,०६६,५०५.०३ | ४,७३८,३८८.७५ |
| ग) सहकारी प्रवर्द्धन कोष | | ५९,८३८.०९ | २२६,६१४.९८ |
| घ) अन्य कोषहरु | २ | १७,२५१,१९३.७७ | १८,७१३,०४२.४९ |
| बाह्य ऋण | ३ | ९३,१००,०००.०० | ११२,२००,०००.०० |
| बचत | ४ | ६६३,७९७,०१७.६० | ६९४,०४५,७३०.६५ |
| चालु दायित्व तथा व्यवस्था | ५ | १६,५२५,०५६.२७ | १५,०३१,६७९.६५ |
| ब्याज (सस्पेन्स खाता) | | २१,७८७,४१२.२७ | १६,०४३,३७२.८२ |
| **जम्मा :-** | | **९७५,३५९,४७८.०५** | **१,०१५,७४०,५४०.३९** |
| **सम्पत्ति :-** | | | |
| नगद मौज्दात | | ४,११७,३२५.६७ | ५,७३१,६५४.५३ |
| बैंक मौज्दात | ६ | १६१,४८७,४८६.०० | १४२,८५६,५८५.७६ |
| कर्जा लगानी | ७ | ७४०,४७६,६८६.४६ | ८०५,७७५,०२०.२८ |
| स्थिर सम्पत्ति | ८ | ३७,४२५,९३२.९९ | ३८,१४३,३९३.४२ |
| अन्य सम्पत्ति | ९ | २९,१२८,९४६.९३ | २०,५०९,७८६.४० |
| शेयर लगानी | १० | २,७२३,१००.०० | २,७२४,१००.०० |
| **जम्मा :-** | | **९७५,३५९,४७८.०५** | **१,०१५,७४०,५४०.३९** |

प्रमुख लेखा नीतिहरु र लेखा सम्बन्धि टिप्पणीहरु १४

हाम्रो यसै मितिको संलग्न प्रतिबेदन बमोजिम

प्रेमलाल कंडेल — प्रवन्धक

रमेश सुवेदी — लेखा समिति संयोजक

श्रीराम पौड्याल — कोषाध्यक्ष

एफ.सि.ए. सुनिल देवकोटा
लेखापरीक्षक
एस.देवकोटा एण्ड कम्पनी

कृष्णप्रसाद आचार्य — सचिव

भिमप्रसाद गौतम — अध्यक्ष

मिति : २०८०/५/२६
दरवाङ, म्याग्दी

## पश्चिम नेपाल बचत तथा ऋण सहकारी संस्था लिमिटेड

दरवाङ, मालिका गाँउपालिका -६, म्याग्दी

इक्वीटीमा भएको परिवर्तन सम्बन्धी विवरण
आर्थिक वर्ष २०७९/२०८०

| विवरण | शेयर पूँजी | साधारण जगेडा कोष | संरक्षित पूंजी फिर्ता कोष | सहकारी प्रवर्द्धन कोष | शेयर लाभांश कोष | सहकारी शिक्षा कोष | सहकारी विकाश कोष | कर्मचारी वोनस कोष | स्थिरीकरण कोष | जोखिम व्यवस्था कोष | सामुदायिक विकास कोष | घाटा पूर्ति कोष | कूल रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| मौज्दात आषाढ ३२, २०७९ | १२८,६७२,७००.०० | २६,०६९,०११.०५ | ४,७३८,३८८.७५ | २२६,६१४.९८ | ८,४७२,२३९.११ | ७६२,२९२.३३ | ९२४,६१३.९८ | १,४१२,१७१.६८ | १,१८६,७१७.२२ | १,१८६,७१७.२२ | ८८६,७१७.२२ | ३,८८१,५७३.७३ | १७८,४११,७५७.२७ |
| लेखानीतिमा परिवर्तन | | | | | | | | | | | | | - |
| पुनर्स्थापित मौज्दात | १२८,६७२,७००.०० | २६,०६९,०११.०५ | ४,७३८,३८८.७५ | २२६,६१४.९८ | ८,४७२,२३९.११ | ७६२,२९२.३३ | ९२४,६१३.९८ | १,४१२,१७१.६८ | १,१८६,७१७.२२ | १,१८६,७१७.२२ | ८८६,७१७.२२ | ३,८८१,५७३.७३ | १७८,४११,७५७.२७ |
| समायोजन | | ११६,०३७.९८ | | | | | | | | | | | ११६,०३७.९८ |
| यस वर्षको खुद नाफाबाट थप | | ३,९८९,२०५.९९ | २,९११,९०४.५० | ५९,८३८.०९ | ५,३४९,५२५.२४ | ४४५,७९३.७७ | ४४५,७९३.७७ | ८९१,५८७.५४ | ४४५,७९३.७७ | ४४५,७९३.७७ | ४४५,७९३.७७ | ४४५,७९३.७७ | १५,९५६,८२३.९८ |
| शेयर पूँजी निष्काशन | ८४५,५००.०० | - | - | - | - | - | - | | | | | | ८४५,५००.०० |
| शेयर पूँजी फिर्ता | - | - | - | - | - | - | - | | | | | | - |
| शेयर लाभांश कोष | - | - | - | - | - | - | - | | | | | | - |
| लाभांश वितरण/कोष खर्च | - | - | (४,६६३,७८८.२२) | (२२६,६१४.९८) | (८,४७२,२३९.११) | (३२४,९२४.००) | (२७९,१०५.००) | (१,३०१,४५६.००) | - | - | - | - | (१५,२६८,१२७.३१) |
| मौज्दात आषाढ ३१, २०८० | १२९,५१८,२००.०० | ३०,२५४,२५५.०२ | ३,०६६,५०५.०३ | ५९,८३८.०९ | ५,३४९,५२५.२४ | ८८३,१६२.१० | १,०९१,३०२.७५ | १,००२,३०३.२२ | १,६३२,५१०.९९ | १,६३२,५१०.९९ | १,३३२,५१०.९९ | ४,३२७,३६७.५० | १८०,९१९,९११.९२ |

प्रमुख लेखा नीतिहरु र लेखा सम्बन्धि टिप्पणीहरु १४

हाम्रो यसै मितिको संलग्न प्रतिवेदन बमोजिम

| प्रेमलाल कडेल<br>प्रबन्धक | रमेश सुवेदी<br>लेखा समिति संयोजक | श्रीराम पौडयाल<br>कोषाध्यक्ष | कृष्णप्रसाद आचार्य<br>सचिव | भिमप्रसाद गौतम<br>अध्यक्ष | एफ.सि.ए. सुनिल देवकोटा<br>लेखापरीक्षक |
|---|---|---|---|---|---|

S. Devkota & Co. Chartered Accountants

मिति : २०८०/५/२६
दरवाङ, म्याग्दी

# पश्चिम नेपाल बचत तथा ऋण सहकारी संस्था लिमिटेड

**दरवाङ्ग, मालिका गाँउपालिका -६, म्याग्दी**

**आय विवरण**

**२०७९ श्रावण १ देखि २०८० आषाढ ३१ सम्मको**

| विवरण | अनुसुची | यस वर्ष (रू.) | गत वर्ष (रू.) |
|---|---|---|---|
| **आम्दानी :-** | | | |
| क) कर्जा लगानीबाट प्राप्त ब्याज | | ११५,६३०,४५१.८० | १०६,८५५,७७३.३४ |
| ख) बैंक ब्याज | | ७,३९७,५३६.३५ | ५,१६५,९६९.०८ |
| ग) अन्य संचालन आम्दानी | ११ | २,८४२,८९०.३८ | २,१४१,२८९.४२ |
| **कुल आम्दानी :-** | | **१२५,८७०,८७८.५३** | **११४,१६३,०३१.८४** |
| **खर्च** | **अनुसुची** | | |
| क) बचतमा ब्याज खर्च | | ७४,२६८,९९५.३५ | ६६,४२२,६२६.९१ |
| ख) ऋणमा ब्याज खर्च | | १३,२८३,४७५.०९ | ३,०५०,०६८.८९ |
| ग) कर्मचारी खर्च | १२ | १२,७१४,९८७.०० | १०,०३७,१००.५० |
| घ) कार्यालय खर्च | १३ | ८,१४६,५९७.११ | ७,८८१,८२८.८८ |
| **कुल खर्च :-** | | **१०८,४१४,०५४.५५** | **८७,३९१,६२५.१८** |
| **सम्भावित नोक्सानी अधिको सञ्चालन बचत** | | १७,४५६,८२३.९८ | २६,७७१,४०६.६६ |
| कर्जा नोक्सानी व्यवस्था | | १,५००,०००.०० | १,५००,०००.०० |
| **सञ्चालन मुनाफा** | | १५,९५६,८२३.९८ | २५,२७१,४०६.६६ |
| आयकर व्यवस्था | | - | - |
| **आयकर पछिको खुद नाफा (नोक्सान) बांडफांड** | वितरण % | १५,९५६,८२३.९८ | २५,२७१,४०६.६६ |
| जगेडा कोष | २५% | ३,९८९,२०५.९९ | ६,३१७,८५१.६६ |
| **वितरण योग्य मुनाफाको बांडफांड** | १००% | ११,९६७,६१७.९९ | १८,९५३,५५५.०० |
| संरक्षीत पूंजी फिर्ता कोष | २५% | २,९९१,९०४.५० | ४,७३८,३८८.७५ |
| सहकारी प्रवर्द्धन कोष | ०.५% | ५९,८३८.०९ | ९४,७६७.७७ |
| **पुन : वितरण योग्य मुनाफाको बांडफांड** | १००% | ८,९१५,८७५.४० | १४,१२०,३९८.४८ |
| क) शेयर लाभांश कोष | ६०% | ५,३४९,५२५.२४ | ८,४७२,२३९.११ |
| ख) सहकारी शिक्षा कोष | ५% | ४४५,७९३.७७ | ७०६,०१९.९२ |
| ग) सहकारी विकाश कोष | ५% | ४४५,७९३.७७ | ७०६,०१९.९२ |
| घ) कर्मचारी वोनस कोष | १०% | ८९१,५८७.५४ | १,४१२,०३९.८५ |
| ङ) स्थिरीकरण कोष | ५% | ४४५,७९३.७७ | ७०६,०१९.९२ |
| च) जोखिम व्यवस्था कोष | ५% | ४४५,७९३.७७ | ७०६,०१९.९२ |
| छ) सामुदायिक विकास कोष | ५% | ४४५,७९३.७७ | ७०६,०१९.९२ |
| ज) घाटा पूर्ती कोष | ५% | ४४५,७९३.७७ | ७०६,०१९.९२ |

प्रमुख लेखा नीतिहरु र लेखा सम्बन्धि टिप्पणीहरु — अनूसुची १४

हाम्रो यसै मितिको संलग्न प्रतिबेदन बमोजिम

प्रेमलाल कंडेल — प्रवन्धक

रमेश सुवेदी — लेखा समिति संयोजक

श्रीराम पौड्याल — कोषाध्यक्ष

एफ.सि.ए. सुनिल देवकोटा — लेखापरीक्षक — एस.देवकोटा एण्ड कम्पनी

कृष्णप्रसाद आचार्य — सचिव

भिमप्रसाद गौतम — अध्यक्ष

मिति : २०८०/५/२६

दरवाङ, म्याग्दी

## पश्चिम नेपाल बचत तथा ऋण सहकारी संस्था लिमिटेड

### दरवाङ्ग, मालिका गाँउपालिका -६, म्याग्दी

**आय व्यय बाँडफाँड हिसाब**

**२०७९ श्रावण १ देखि २०८० आषाढ ३१ सम्मको**

| विवरण | अनुसची | यस वर्ष (रू.) | गत वर्ष (रू.) |
|---|---|---|---|
| **आम्दानी** | | | |
| क. गत वर्ष सम्मको बचत | | | |
| ख. यस वर्षको बचत | | १५,९५६,८२३.९८ | २५,२७१,४०६.६६ |
| **जम्मा** | | १५,९५६,८२३.९८ | २५,२७१,४०६.६६ |
| **वितरण** | | | |
| क. साधारण जगेडा कोष | | ३,९८९,२०५.९९ | ६,३१७,८५१.६६ |
| ख. संरक्षित पूंजी फिर्ता कोष | | २,९९१,९०४.५० | ४,७३८,३८८.७५ |
| ग. सहकारी प्रबर्धन कोष | | ५९,८३८.०९ | ९४,७६७.७७ |
| घ. शेयर लाभांश कोष | | ५,३४९,५२५.२४ | ८,४७२,२३९.११ |
| ङ. सहकारी शिक्षा कोष | | ४४५,७९३.७७ | ७०६,०१९.९२ |
| च. सहकारी विकाश कोष | | ४४५,७९३.७७ | ७०६,०१९.९२ |
| छ. कर्मचारी वोनस कोष | | ८९१,५८७.५४ | १,४१२,०३९.८५ |
| ज. स्थिरीकरण कोष | | ४४५,७९३.७७ | ७०६,०१९.९२ |
| झ. जोखिम ब्यवस्था कोष | | ४४५,७९३.७७ | ७०६,०१९.९२ |
| ञ. सामुदायिक विकास कोष | | ४४५,७९३.७७ | ७०६,०१९.९२ |
| ट. घाटा पूर्ती कोष | | ४४५,७९३.७७ | ७०६,०१९.९२ |
| **जम्मा** | | १५,९५६,८२३.९८ | २५,२७१,४०६.६६ |
| सञ्चित बचत (नोक्सान) | | - | - |

प्रमुख लेखा नीतिहरु र लेखा सम्बन्धि टिप्पणीहरु १४

हाम्रो यसै मितिको संलग्न प्रतिवेदन बमोजिम

प्रेमलाल कंडेल — प्रवन्धक

रमेश सुवेदी — लेखा समिति संयोजक

श्रीराम पौड्याल — कोषाध्यक्ष

एफ.सि.ए. सुनिल देवकोटा — लेखापरीक्षक, एस.देवकोटा एण्ड कम्पनी

कृष्णप्रसाद आचार्य — सचिव

भिमप्रसाद गौतम — अध्यक्ष

मिति : २०८०/५/२६

दरवाङ, म्याग्दी

# पश्चिम नेपाल बचत तथा ऋण सहकारी संस्था लिमिटेड

**दरवाङ्ग, मालिका गाँउपालिका -६, म्याग्दी**

## नगद प्रवाह विवरण

**२०७९ श्रावण १ देखि २०८० आषाढ ३१ सम्मको**

| विवरण | यस बर्षको रू. | गत वर्षको रू. |
|---|---|---|
| **क) सञ्चालन गतिविधिबाट नगद प्रवाह** | | |
| आयकर व्यवस्था अगाडीको बचत | १५,९५६,८२३.९८ | २५,२७१,४०६.६६ |
| **समायोजन :** | | |
| ह्रास कट्टी | १,६९०,६९१.८९ | १,८७३,२२८.७८ |
| कर्जा जोखिम व्यवस्था | १,५००,०००.०० | १,५००,०००.०० |
| ब्याज खर्च | १३,२८३,४७५.०९ | ३,०५०,०६८.८९ |
| **घटाउने :** | | |
| ब्याज भुक्तानी | (१३,२८३,४७५.०९) | (३,०५०,०६८.८९) |
| **कार्यशील पुंजीमा भएको परिवर्तन** | | |
| बचत दायित्वमा बृद्धि/(कमी) | (३०,२४८,७१३.०५) | (२८,७७३,७४६.९६) |
| कर्जा लगानीमा कमि/(बृद्धि) | ६५,२९८,३३३.८२ | (१९१,७६०,०५३.८६) |
| अन्य दायित्वमा बृद्धि/(कमी) | ५,७३७,४१६.०८ | २,०८३,४८५.७५ |
| अन्य सम्पतीमा कमी/(बृद्धि) | (८,६१९,१६०.५३) | १,३३६,१५४.८२ |
| **कुल सञ्चानल गतिविधिबाट नगद प्रवाह** | **५१,३१५,३९२.१९** | **(१८८,४६९,५२४.८१)** |
| **ख) लगानी गतिविधिको नगद प्रवाह** | | |
| शेयर लगानीमा कमि/(बृद्धि) | १,०००.०० | (१,६०२,०००.००) |
| स्थीर सम्पत्ति विक्रि/(खरिद) | (९७३,२३१.४७) | (१७,५२६,८९१.१८) |
| **कुल लगानी गतिविधिबाट नगद प्रवाह** | **(९७२,२३१.४७)** | **(१९,१२८,८९१.१८)** |
| **ग) वित्तिय गतिविधिको नगद प्रवाह** | | |
| शेयर पुंजीमा भएको बृद्धि/(कमि) | ८४५,५००.०० | २४,७४२,८००.०० |
| बाह्य ऋणमा बृद्धि/(कमि) | (१९,१००,०००.००) | ११२,२००,०००.०० |
| जगेडा तथा अन्य कोषमा बृद्धि/(कमि) | १९६,०३७.९८ | १,२५८,६०९.८९ |
| लाभांश भुक्तानी | (१५,२६८,१२७.३१) | (४,९३१,०७८.७७) |
| **कुल वित्तिय गतिविधिबाट नगद प्रवाह** | **(३३,३२६,५८९.३३)** | **१३३,२७०,३३१.१२** |
| **सम्पुर्ण गतिविधिबाट नगद प्रवाह (क + ख + ग)** | **१७,०१६,५७१.३९** | **(७४,३२८,०८४.८४)** |
| गत बर्षको बैंक तथा नगद मौज्दात | १४८,५८८,२४०.२९ | २२२,९१६,३२५.१२ |
| **कुल बैंक तथा नगद मौज्दात** | **१६५,६०४,८११.६७** | **१४८,५८८,२४०.२९** |
| | | |
| **नगद मौज्दात** | ४,११७,३२५.६७ | ५,७३१,६५४.५३ |
| **बैंक मौज्दात** | १६१,४८७,४८६.०० | १४२,८५६,५८५.७६ |

प्रमुख लेखा नीति तथा टिप्पणीहरु १४

हाम्रो यसै मितिको संलग्न प्रतिवेदन बमोजिम

प्रेमलाल कंडेल
प्रवन्धक

रमेश सुवेदी
लेखा समिति संयोजक

श्रीराम पौड्याल
कोषाध्यक्ष

एफ.सि.ए. सुनिल देवकोटा
लेखापरीक्षक
एस.दवकाटा एण्ड कम्पना

कृष्णप्रसाद आचार्य
सचिव

भिमप्रसाद गौतम
अध्यक्ष

मिति : २०८०/५/२६
दरवाङ, म्याग्दी

# पश्चिम नेपाल बचत तथा ऋण सहकारी संस्था लिमिटेड

## दरवाङ्ग, मालिका गाँउपालिका -६, म्याग्दी

### २०८० आषाढ ३१ को आर्थिक विवरण संग सम्बन्धित अनुसुचीहरु

**शेयर पूंजी** — अनुसुची १

| क्र.सं. | | यस वर्ष (रू.) | गत बर्ष (रू.) |
|---|---|---|---|
| १ | शेयर किताव बमोजिम | १२९,५१८,२००.०० | १२८,६७२,७००.०० |
| | जम्मा :- | १२९,५१८,२००.०० | १२८,६७२,७००.०० |

**अन्य कोष** — अनुसुची २

| क्र.सं. | विवरण | यस वर्ष (रू.) | गत बर्ष (रू.) |
|---|---|---|---|
| १ | शेयर लाभांस कोष | ५,३४९,५२५.२४ | ८,४७२,२३९.११ |
| २ | सहकारी शिक्षा कोष | ८८३,१६२.१० | ७६२,२९२.३३ |
| ३ | सहकारी विकास कोष | १,०९१,३०२.७५ | ९२४,६१३.९८ |
| ४ | कर्मचारी बोनस कोष | १,००२,३०३.२२ | १,४१२,१७१.६८ |
| ५ | स्थिरीकरण कोष | १,६३२,५१०.९९ | १,१८६,७१७.२२ |
| ६ | जोखिम ब्यवस्था कोष | १,६३२,५१०.९९ | १,१८६,७१७.२२ |
| ७ | सामुदायिक विकास कोष | १,३३२,५१०.९९ | ८८६,७१७.२२ |
| ८ | घाटा पूर्ती कोष | ४,३२७,३६७.५० | ३,८८१,५७३.७३ |
| | जम्मा :- | १७,२५१,१९३.७७ | १८,७१३,०४२.४९ |

**बाह्य ऋण** — अनुसुची ३

| क्र.सं. | विवरण | यस वर्ष (रू.) | गत बर्ष (रू.) |
|---|---|---|---|
| १ | साना किसान लघुवित्त वित्तिय संस्था लि. | २३,१००,०००.०० | १४,७००,०००.०० |
| २ | नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. | ७०,०००,०००.०० | ९७,५००,०००.०० |
| | जम्मा :- | ९३,१००,०००.०० | ११२,२००,०००.०० |

**बचत** — अनुसुची ४

| क्र.सं. | विवरण | यस वर्ष (रू.) | गत बर्ष (रू.) |
|---|---|---|---|
| १ | आवधिक बचत | ४५१,८२१,२४४.४२ | ४८९,५४९,९६६.१४ |
| २ | साधारण बचत | १५०,२२४,५३७.३४ | १५१,६३२,४९८.७२ |
| ३ | नारी बचत | १३,८८९,९७४.४७ | १३,०१७,४८९.७३ |
| ४ | बाल बचत | ५,९७६,५२६.९२ | ५,३७०,५९७.७२ |
| ५ | कर्मचारी कल्याणकारी बचत | ६,४८१,३७४.१५ | ४,४५२,२७५.६५ |
| ६ | नियमित बचत | २०,६६५,१९७.२५ | ११,३५०,२०६.३७ |
| ७ | क्रमिक बचत | १२,८७६,९५२.५१ | १६,८३८,४४८.९१ |
| ८ | अक्षयकोष बचत | १,८६१,२१०.५४ | १,८३४,२४७.४१ |
| | जम्मा :- | ६६३,७९७,०१७.६० | ६९४,०४५,७३०.६५ |

S. Devkota & Co.
Chartered Accountants

# पश्चिम नेपाल बचत तथा ऋण सहकारी संस्था लिमिटेड

**दरवाङ्ग, मालिका गाँउपालिका -६, म्याग्दी**

**२०८० आषाढ ३१ को आर्थिक विवरण संग सम्बन्धित अनुसुचीहरु**

**चालु दायित्व** — **अनुसुची ५**

| क्र.सं. | विवरण | यस वर्ष (रू.) | गत बर्ष (रू.) |
|---|---|---|---|
| १ | भुक्तानी दिन बाँकी बचतको ब्याज करकट्टी | १,६७०,४७८.७१ | २,१७९,९३५.६८ |
| २ | भुक्तानी दिन बाँकी सा.सु.से. करकट्टी | १६,६६६.८३ | ३४,१८४.१४ |
| ३ | भुक्तानी दिन बाँकी बैठक भत्ता करकट्टी | १९,९५०.०० | १३,३५०.०० |
| ४ | भुक्तानी दिन बाँकी पारिश्रमीक कर | १०६,०७०.१० | ११९,२२५.०० |
| ५ | भुक्तानी दिन बाँकी लेखापरीक्षण शुल्क | १७२,६७७.०० | १७२,६७७.०० |
| ६ | भुक्तानी दिन बाँकी लेखापरीक्षण शुल्क करकट्टी | २,३२३.०० | २,३२३.०० |
| ७ | भुक्तानी दिन बाँकी बचतको ब्याज | ९३,९३७.३४ | ६०६,१००.५२ |
| ९ | सदस्य राहत कोष | ९८४,८१०.०० | ६३८,९७०.०० |
| १० | कर्मचारी अवकास कोष | ४७४,९६४.०० | ३१,७१५.०० |
| ११ | भुक्तानी दिन बाँकी विल तथा अन्य दायित्व | १,३३४,९५८.८१ | १,०८४,९७८.८३ |
| | **व्यवस्थाहरु** | ११,६४८,२२०.४८ | १०,१४८,२२०.४८ |
| | क) कर्जा नोक्सानी व्यवस्था | ११,६४८,२२०.४८ | १०,१४८,२२०.४८ |
| | ख) विदा तथा उपदान वापतको व्यवस्था | - | - |
| | **जम्मा :-** | **१६,५२५,०५६.२७** | **१५,०३१,६७९.६५** |

**बैंक मौज्दात** — **अनुसुची ६**

| क्र.सं. | विवरण | यस वर्ष (रू.) | गत बर्ष (रू.) |
|---|---|---|---|
| १ | गरिमा विकाश बैंक लिमिटेड | ५१,७९५,२७१.६३ | ६०,१९८,००९.०७ |
| २ | कुमारी बैंक लि. | २१,०५९.३२ | २०,६८३.५६ |
| ३ | नेपाल ईन्भेष्मेन्ट मेगा बैंक लि. | १,३०४,८१८.१५ | १,४४४,६०३.४३ |
| ४ | प्राइम कमर्शियल बैंक लि. | ७७,७६०.८० | ३२२,७९५.०५ |
| ५ | ग्रिन डेभलपमेन्ट बैंक लि. | ६,१०२,८७९.१५ | १,४१७,८०३.७७ |
| ६ | आइ.एम.इ. कोअपरेटिभ लि. | ३४८,१५७.७० | ३३६,६६७.९१ |
| ७ | एन.आई.सि. एसिया बैंक लि. | ४९,३३३.३७ | १२४,३१७.३१ |
| ८ | नेपाल बैंक लि. | १९,७२९.९२ | ३९६,८७३.०० |
| ९ | माछापुच्छ्रे बैंक लि. | १६,२९७.२७ | १६,१८१.९१ |
| १० | सांग्रीला डेभलपमेन्ट बैंक लि. | २,५५२,८९८.८८ | ५,४७३,३३६.५१ |
| ११ | साना किसान विकास बैंक लि. | १,६५१,९७६.७० | १०,४१६,५३८.५३ |
| १२ | नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. | ४६,६५१,४३३.०८ | ५३,४४९,८९२.१२ |
| १३ | न्यू धौलागिरी बचत तथा ऋण सहकारी संस्था लि. | - | ३०,५२०.१२ |
| १४ | राष्ट्रिय बाणिज्य बैंक लि. | १०,५१४.४५ | - |
| १५ | ग्लोवल आईएमई बैंक लि. | २,७२२,८०५.७० | - |
| १६ | राष्ट्रिय सहकारी बैंक लि. | ३३,७०१,०४१.६८ | १,२७९,२२२.७८ |
| १७ | प्रभु बैंक लि. | १४,४६१,५०८.२० | ७,९२९,१४०.६९ |
| | **जम्मा :-** | **१६१,४८७,४८६.००** | **१४२,८५६,५८५.७६** |

# पश्चिम नेपाल बचत तथा ऋण सहकारी संस्था लिमिटेड

**दरवाङ्ग, मालिका गाँउपालिका -६, म्याग्दी**

**२०८० आषाढ ३१ को आर्थिक विवरण संग सम्बन्धित अनुसुचीहरु**

**कर्जा लगानी** — **अनुसुची ७**

| क्र.सं. | विवरण | यस वर्ष (रू.) | गत बर्ष (रू.) |
|---|---|---|---|
| १ | ब्यापार कर्जा | ३७,११९,०७६.८१ | ४७,५१८,२८७.६१ |
| २ | गृह निर्माण कर्जा | ३,०८९,८६७.४० | ९,९४९,८९७.१३ |
| ३ | हायरपर्चेज कर्जा | १७,३८६,३९०.१८ | २२,७३१,५८२.२० |
| ४ | कृषि तथा पशुपालन कर्जा | ७,८३६,४८३.९६ | ९,९४१,७१८.०५ |
| ५ | घरखर्च कर्जा | ७२२,४०२.६७ | ८६४,३८०.०२ |
| ६ | घर जग्गा धरौटी कर्जा | ५७५,५७३,९३९.९८ | ६०८,४६१,३३२.२३ |
| ७ | ब्यक्तिगत जमानत कर्जा | ४८,५३०,७८८.६४ | ४८,४३१,२६३.०९ |
| ८ | समुह जमानत कर्जा | ५२,६४०.४६ | ६९,६६०.८९ |
| ९ | ब्यक्तिगत कर्जा | ३,००२,२८२.९५ | १३,०३९,८२४.६० |
| १० | महिला उद्यमी कर्जा | २,०२३,२९८.३२ | २,४२४,९७३.७० |
| ११ | बचत सुरक्षण कर्जा | ४५,१३९,५१५.०९ | ४२,३४२,१००.७६ |
| | जम्मा :- | ७४०,४७६,६८६.४६ | ८०५,७७५,०२०.२८ |

**अन्य सम्पत्ति** — **अनुसुची ९**

| क्र.सं. | विवरण | यस वर्ष (रू.) | गत बर्ष (रू.) |
|---|---|---|---|
| १ | प्राप्त हुन बांकी ब्याज | २१,७८७,४१२.२७ | १६,०४३,३७२.८२ |
| २ | इनु थापा | २००,०००.०० | २००,०००.०० |
| ३ | मोहन बहादुर खत्रि | १०२,०३९.०० | २०२,०३९.०० |
| ४ | शोभा कुमारी शर्मा पौडेल (पेश्की) | १४८,५००.०० | - |
| ५ | इ-सेवा | - | १४,२७६.०० |
| ६ | खल्ती पे | ३९८,६२५.५३ | १२७,४१४.३० |
| ७ | प्रभु रेमिट | २,४१८,८८५.७० | १,५२१,८७८.८४ |
| ८ | आइ.एम.इ. रेमिट | ७१२,४६४.०० | ६२,३८९.५९ |
| ९ | सिटी रेमिट | १३०,२२९.११ | ९६,६१९.८३ |
| १० | आइ. पे. रेमिट | ५६५,८३२.५३ | २०,०००.०० |
| ११ | हिमाल रेमिट | ८०,६१२.०० | - |
| १२ | वेस्टर्न यूनियन मनि ट्रान्सफर | २२५,५३५.०० | - |
| १३ | जिएमई रेमिट | २०९,८३७.४९ | - |
| १४ | आई.एम.इ. कोअपरेटिभ लि. (धरौटी) | ४००,०००.०० | ४००,०००.०० |
| १५ | प्रभु म्यानेजमेन्ट प्रा.लि. (धरौटी) | ८००,०००.०० | ८००,०००.०० |
| १६ | सिटी एक्सप्रेस मनि ट्रान्फर प्रा.लि. (धरौटी) | २००,०००.०० | २००,०००.०० |
| १७ | भु-सेवा केन्द्र इजाजत धरौटी | २००,०००.०० | २००,०००.०० |
| १८ | मसलन्द मौज्दात | ४४०,२९१.२२ | ४३४,५७१.०२ |
| १९ | पेश्की रकम | १०८,६८३.०८ | १८७,२२५.०० |
| | जम्मा :- | २९,१२८,९४६.९३ | २०,५०९,७८६.४० |

S. Devkota & Co. Chartered Accountants

# पश्चिम नेपाल बचत तथा ऋण सहकारी संस्था लिमिटेड

## दरवाङ्ग, मालिका गाँउपालिका -६, म्याग्दी

### २०८० आषाढ ३१ को आर्थिक विवरण संग सम्बन्धित अनुसुचीहरु

**शेयर लगानी** — अनुसुची १०

| क्र.सं. | विवरण | यस वर्ष (रू.) | गत बर्ष (रू.) |
|---|---|---|---|
| १ | जिल्ला सहकारी संघ लि. म्याग्दी | ११,१००.०० | १२,१००.०० |
| २ | नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. | २,५००,०००.०० | २,५००,०००.०० |
| ३ | जिल्ला सहकारी संघ लि. पर्वत | २,०००.०० | २,०००.०० |
| ४ | राष्ट्रिय सहकारी बैंक लि. | २१०,०००.०० | २१०,०००.०० |
| | जम्मा :- | २,७२३,१००.०० | २,७२४,१००.०० |

**अन्य संचालन आम्दानी** — अनुसुची ११

| क्र.सं. | विवरण | यस वर्ष (रू.) | गत बर्ष (रू.) |
|---|---|---|---|
| १ | व्यवस्थापन शुल्क | ८५,२०२.०० | ३९०,४५३.७० |
| २ | प्रबेश शुल्क | १५,७७०.०० | ११,३००.०० |
| ३ | विलम्व शुल्क | १,२७५,८४९.७२ | ६,७११.६८ |
| ४ | आवेदन शुल्क | - | ९९,२९८.०० |
| ५ | रेमिटान्स कमिशन | ८९३,१४०.७५ | १,१२७,७५१.९१ |
| ६ | लाभांस प्राप्त | १९५,०३४.६० | ३२७,२४९.७६ |
| ७ | एस.एम.एस. शुल्क | ३१२,२९५.२८ | - |
| ८ | विविध आय | ६५,५९८.०३ | १७८,५२४.३७ |
| | जम्मा :- | २,८४२,८९०.३८ | २,१४१,२८९.४२ |

**कर्मचारी खर्च** — अनुसुची १२

| क्र.सं. | विवरण | यस वर्ष (रू.) | गत बर्ष (रू.) |
|---|---|---|---|
| १ | तलव भत्ता | ११,०१३,२७६.०० | ९,०१५,२०४.०० |
| २ | कल्याणकारी कोष | १,२८१,७११.०० | ९९१,८९६.५० |
| ३ | पोशाक | ४२०,०००.०० | ३०,०००.०० |
| | जम्मा :- | १२,७१४,९८७.०० | १०,०३७,१००.५० |

S. Devkota & Co. Chartered Accountants

## पश्चिम नेपाल बचत तथा ऋण सहकारी संस्था लिमिटेड

**दरवाङ्ग, मालिका गाँउपालिका -६, म्याग्दी**

**२०८० आषाढ ३१ को आर्थिक विवरण संग सम्बन्धित अनुसुचीहरु**

**कार्यालय संचालन तथा प्रशासनिक खर्च** — **अनुसुचि १३**

| क्र.सं. | विवरण | यस वर्ष (रू.) | गत वर्ष (रू.) |
|---|---|---|---|
| १ | मसलन्द तथा छपाई | २८१,०३४.६३ | २६५,७९३.७६ |
| २ | पानी तथा विद्युत खर्च | १७१,११४.०० | १५२,१७४.०० |
| ३ | मर्मत सम्भार खर्च | २०७,२७७.०० | १३८,६४७.९० |
| ४ | टेलिफोन तथा इन्टरनेट खर्च | २३९,६९५.०० | ३१४,२५०.५० |
| ५ | बैठक खाजा खर्च | ३००,५७२.०० | ३०६,८२०.०० |
| ६ | इन्धन तथा यातायात खर्च | २९४,४५७.५९ | ३३२,६४८.०० |
| ७ | साधारण सभा खर्च | १,२५२,३३३.०० | ७५३,४८०.०० |
| ८ | बैठक भत्ता | ४५०,४००.०० | ३५४,०००.०० |
| ९ | सफ्टवयर नविकरण शुल्क | १५९,३३०.०० | १४२,३८०.०० |
| १० | सामान खरिद खर्च | ४७,१२०.०० | ३१,५७०.०० |
| ११ | स्थानीय तह कर तथा शुल्क | १८,९५९.०० | २,०००.०० |
| १२ | कार्यालय भाडा खर्च | १,६०७,३०४.०० | १,५८१,३५६.०० |
| १३ | एस.एम.एस. चार्ज | ५६,६१५.०० | २०,८९०.०० |
| १४ | क्यालेण्डर प्रकाशन खर्च | १२५,०००.०० | ११८,९६६.०० |
| १५ | रक्तदान कार्यक्रम खर्च | २२,२९०.०० | - |
| १६ | विविध तथा भैपरी खर्च | ९८,८५५.०० | २७८,१०३.९४ |
| १७ | सहकारी राष्ट्रिय सम्मेलन कार्यक्रम खर्च | - | २७,१२०.०० |
| १८ | बाह्रय ऋण सेवा शुल्क | - | ३७५,०००.०० |
| १९ | पत्रपत्रिका खर्च | ७,०००.०० | ७,५००.०० |
| २० | तालिम खर्च | ४४३,०६०.०० | ५०,८२०.०० |
| २१ | प्रोवेसन शुल्क तथा कार्यक्रम खर्च | ७५,०००.०० | ६७,५००.०० |
| २२ | क्लाउड ब्याक अप शुल्क | १२२,०४०.०० | १३३,३९६.०० |
| २३ | सामान ढुवानी तथा ज्याला खर्च | ३२,५००.०० | ३३,२७५.०० |
| २४ | सदस्यता शुल्क | ५,५००.०० | - |
| २५ | कार्यालय वायरिङ्ग तथा ज्याला खर्च | - | ६०,१५५.०० |
| २६ | वेभ साइट अद्यावधिक खर्च | ६,५००.०० | ३,५००.०० |
| २७ | कर्मचारी उत्प्रेरणा कार्यक्रम खर्च | - | ९७,७१५.०० |
| २८ | सहयोग तथा सामाजिक उत्तरदायित्व कार्यक्रम खर्च | ५०,१००.०० | ५,०००.०० |
| २९ | अतिथी सत्कार तथा चियापान खर्च | ४४,३८५.०० | ७३,७५५.०० |
| ३० | विमा शुल्क | १६२,४६४.०० | १०५,७८४.०० |
| ३१ | लेखापरीक्षण शुल्क | १७५,०००.०० | १७५,०००.०० |
| ३२ | ह्रासकट्टी खर्च | १,६९०,६९१.८९ | १,८७३,२२८.७८ |
| | जम्मा रू. :- | ८,१४६,५९७.११ | ७,८८१,८२८.८८ |

Devkota & Co. Chartered Accountants

# पश्चिम नेपाल बचत तथा ऋण सहकारी संस्था लिमिटेड

दरवाङ्ग, मालिका गाँउपालिका -६, म्याग्दी

## स्थायी सम्पत्ति तथा ह्रास कट्टी विवरण

२०८० आषाढ मसान्तको

अनुसूची ७

| विवरण | ह्रास कट्टी दर % | परल मूल्य | | | | ह्रास कट्टी | | | | बाँकी मूल्य | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | गत वर्षको रू. | यस वर्ष थप | बिक्री समायोजन | कूल जम्मा मौज्दात | गत वर्षको रू. | यस वर्षको | बिक्री समायोजन रू. | जम्मा रू. | यस वर्षको रू. | गत वर्षको रू. |
| समुह "क" | . | ३५,१४७,७१९.७७ | - | - | ३५,१४७,७१९.७७ | २,३०८,८७७.०१ | ३६९,९३२.६४ | - | २,६७८,८०९.६५ | ३२,४६८,९१०.१२ | ३२,८३८,८४२.७६ |
| जग्गा | ० | २५,४४०,१९०.०० | - | - | २५,४४०,१९०.०० | - | - | | - | २५,४४०,१९०.०० | २५,४४०,१९०.०० |
| भवन | ५ | ९,७०७,५२९.७७ | - | - | ९,७०७,५२९.७७ | २,३०८,८७७.०१ | ३६९,९३२.६४ | | २,६७८,८०९.६५ | ७,०२८,७२०.१२ | ७,३९८,६५२.७६ |
| कम्पाउण्ड तथा अन्य निर्माण | ५ | - | - | - | - | - | - | | - | - | - |
| समुह "ख" | | ८,१४४,८७३.११ | ९१४,६५०.०० | (२,४१८.५३) | ९,०५७,१०४.५८ | ४,५१९,३९९.०६ | ९८४,६७६.३८ | - | ५,५०४,०७५.४४ | ३,५५३,०२९.१४ | ३,६२५,४७४.०५ |
| फर्निचर तथा फिक्सचर्स | २५ | ३,४८६,१७५.२८ | २१९,१५०.०० | (२,४१८.५३) | ३,७०२,९०६.७५ | १,८९९,८९७.१४ | ४२३,००२.४० | | २,३२२,८९९.५४ | १,४१०,००७.२० | १,६११,२७८.१४ |
| कम्प्यूटर तथा प्रिन्टर्स | २५ | २,६८१,३२७.४४ | ४२२,०००.०० | - | ३,१०३,३२७.४४ | १,५६९,००२.५८ | ३१३,२४७.८८ | | १,८८२,२५०.४६ | १,२२१,०७६.९८ | १,११२,३२४.८७ |
| कार्यालय उपकरण | २५ | १,९७७,३७०.३९ | २७३,५००.०० | - | २,२५०,८७०.३९ | १,०८०,४९९.३४ | २४८,४२५.१० | | १,३२८,९२४.४४ | ९२१,९४५.९५ | ८९६,८७१.०५ |
| समुह "ग" | | १,७९४,५६१.७३ | - | - | १,७९४,५६१.७३ | ४५०,४६५.२९ | २६८,८१९.२९ | - | ७१९,२८४.५८ | १,०७५,२७७.१५ | १,३४४,०९६.४४ |
| सवारीसाधन (अटोमोबाइल्स समुह) | २० | १,७९४,५६१.७३ | - | - | १,७९४,५६१.७३ | ४५०,४६५.२९ | २६८,८१९.२९ | | ७१९,२८४.५८ | १,०७५,२७७.१५ | १,३४४,०९६.४४ |
| समुह "घ" | | ९९,७१३.७५ | ६१,०००.०० | - | १६०,७१३.७५ | ४४,०६४.८३ | ११,३९७.३४ | - | ५५,४६२.१७ | १०५,२५१.५८ | ५५,६४८.९२ |
| भल्ट | १५ | ९९,७१३.७५ | ६१,०००.०० | - | १६०,७१३.७५ | ४४,०६४.८३ | ११,३९७.३४ | | ५५,४६२.१७ | १०५,२५१.५८ | ५५,६४८.९२ |
| समुह "ङ" | | ५२५,९७३.२८ | - | - | ५२५,९७३.२८ | २४६,६४२.०२ | ५५,८६६.२५ | - | ३०२,५०८.२७ | २२३,४६५.०१ | २७९,३३१.२६ |
| सफ्टवयर | २० | ५२५,९७३.२८ | - | - | ५२५,९७३.२८ | २४६,६४२.०२ | ५५,८६६.२५ | | ३०२,५०८.२७ | २२३,४६५.०१ | २७९,३३१.२६ |
| यस वर्षका मौज्दात (रू.) | | ४५,७१२,८४१.६४ | ९७५,६५०.०० | (२,४१८.५३) | ४६,६८६,०७३.११ | ७,५६९,४४८.२२ | १,६७०,६९१.८९ | - | ९,२४०,१४०.१२ | ३७,४२५,९३२.९९ | ३८,१४३,३९३.४२ |
| गत वर्षको मौज्दात (रू.) | | - | ४५,७१२,८४१.६४ | - | ४५,७१२,८४१.६४ | - | ७,५६९,४४८.२२ | - | ७,५६९,४४८.२२ | ३८,१४३,३९३.४२ | |

S. Devkota & Co. Chartered Accountants

# पश्चिम नेपाल बचत तथा ऋण सहकारी संस्था लिमिटेड

दरवाङ, मालिका गाउपालिका -६, म्याग्दी

दफा १९ बमोजिम कट्टी हुने ह्रासकट्टी खर्चको विवरण

| विवरण | जग्गा | भवन | फर्निचर तथा फिक्सचर्स | कम्प्युटर तथा प्रिन्टर्स | कार्यालय उपकरण | सवारी साधन | भल्ट | सफ्टवेयर | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| आर्थिक वर्ष २०७८/२०७९ को अन्तिम मौज्दात | २५,४४०,१९०.०० | ७,३९८,६५२.७६ | १,६१६,२७८.१४ | १,११२,३२४.८७ | ८९६,८७१.०५ | १,३४४,०९६.४४ | ५५,६४८.९२ | २७९,३३१.२६ | ३८,१४३,३९३.४२ |
| यस वर्षको खरिद | | | | | | | | | |
| मर्जरबाट थप | - | - | ७,६५०.०० | - | ८,५००.०० | - | - | - | १६,१५०.०० |
| श्रावण देखि पुष सम्म | - | - | - | - | - | - | - | - | - |
| माघ देखि चैत्र सम्म | - | - | - | - | - | - | - | - | - |
| ह्रास खर्चको लागी समायोजन | - | - | - | - | - | - | - | - | - |
| वैशाख देखि असार सम्म | - | - | २११,५००.०० | ४२२,०००.०० | २६५,०००.०० | - | ६१,०००.०० | - | ९५९,५००.०० |
| ह्रास खर्चको लागी समायोजन | - | - | ७०,५००.०० | १४०,६६६.६७ | ८८,३३३.३३ | - | २०,३३३.३३ | - | ३१९,८३३.३३ |
| जम्मा खरिद/थप | - | - | २१९,१५०.०० | ४२२,०००.०० | २७३,५००.०० | - | ६१,०००.०० | - | ९७५,६५०.०० |
| बिक्री / समायोजन | - | - | (२,४१८.५३) | - | - | - | - | - | (२,४१८.५३) |
| ह्रास आधार | २५,४४०,१९०.०० | ७,३९८,६५२.७६ | १,६९२,००९.६१ | १,२५२,९९१.५३ | ९९३,७०४.३८ | १,३४४,०९६.४४ | ७५,९८२.२५ | २७९,३३१.२६ | |
| ह्रास दर | ०% | ५% | २५% | २५% | २५% | २०% | १५% | २०% | |
| ह्रास खर्च | - | ३६९,९३२.६४ | ४२३,००२.४० | ३१३,२४७.८८ | २४८,४२६.१० | २६८,८१९.२९ | ११,३९७.३४ | ५५,८६६.२५ | १,६९०,६९१.८९ |
| समायोजन नभएको खरिद | - | - | १४१,०००.०० | २८१,३३३.३३ | १७६,६६६.६७ | - | ४०,६६६.६७ | - | ६३९,६६६.६७ |
| समायोजन नभएको मर्मत खर्च | - | - | - | - | - | - | - | - | - |
| स्थिर सम्पत्तिको अन्तिम मौज्दात | २५,४४०,१९०.०० | ७,०२८,७२०.१२ | १,४१०,००७.२० | १,२२१,०७६.९८ | ९२१,९४४.९५ | १,०७५,२७७.१५ | १०५,२५१.५८ | २२३,४६५.०१ | ३७,४२५,९३२.९९ |
| मर्मत तथा सम्भार खर्च | | | | | | | | | |
| अधिकतम समायोजन गर्न मिल्ने मर्मत तथा सम्भार | १,७८०,८१३.३० | ५१७,९०५.६९ | ११८,४४०.६७ | ८७,७०९.४१ | ६९,५५९.३१ | ९४,०८६.७५ | ५,३१८.७६ | १९,५५३.१९ | २,६९३,३८७.०८ |
| वास्तविक मर्मत तथा सम्भार खर्च | - | - | - | - | - | - | - | - | - |
| समायोजन गर्न मिल्ने मर्मत तथा सम्भार | - | - | - | - | - | - | - | - | - |

S. Devkola & Co. Chartered Accountants

# पश्चिम नेपाल बचत तथा ऋण सहकारी संस्था लिमिटेड

**दरवाङ्ग, मालिका गाँउपालिका -६, म्याग्दी**

पर्ल्स प्रतिवेदन

२०८० आषाढ मसान्तको

| P-E-A-R-L-S RATIOS (पर्ल्स अनुपात) | | GOALS (लक्ष्य) | रकम रू. | कूल रकम रू. | परिणाम (प्रतिशत) |
|---|---|---|---|---|---|
| P | PROTECTION (संरक्षण) | | | | |
| १ | १२ महिना भन्दा बढि भाखा नाघेको ऋणको लागि व्यवस्था | १००% | ११,६४८,२२०.४८ | १७६,२९३,१९२.२० | ६.६१% |
| २ | १२ महिना भन्दा कम भाखा नाघेको ऋणको लागि व्यवस्था | ३५% | - | १६३,१५८,९९२.४६ | ०.००% |
| २x | असल ऋणको लागि व्यवस्था | १% | - | ४०१,०२४,५०१.८० | ०.००% |
| E | Effective financial Structure (प्रभावकारी वित्तिय संरचना) | | | | |
| १ | जम्मा खुद ऋण/जम्मा सम्पत्ति | ७०-८०% | ५१५,३७१,०२६.४२ | ९७५,३५९,४७८.०५ | ५२.८४% |
| ५ | जम्मा बचत/जम्मा सम्पत्ति | ७०-८०% | ६६३,७९७,०१७.६० | ९७५,३५९,४७८.०५ | ६८.०६% |
| ६ | बाह्य ऋण/जम्मा सम्पत्ति | बढिमा ५% | ९३,१००,०००.०० | ९७५,३५९,४७८.०५ | ९.५५% |
| ७ | जम्मा शेयर पूँजी/जम्मा सम्पत्ति | १०-२०% | १२९,५१८,२००.०० | ९७५,३५९,४७८.०५ | १३.२८% |
| ८ | संस्थागत पूँजी/जम्मा सम्पत्ति | कम्तिमा १०% | ३४,५८१,६२२.५२ | ९७५,३५९,४७८.०५ | ३.५५% |
| A | Assets Quality (सम्पत्तिको गुणस्तर) | | | | |
| १ | जम्मा भाखा नाघेको ऋण/ जम्मा उठ्न बाँकी ऋण | ५% भन्दा कम | ३३९,४५२,१८४.६६ | ७४०,४७६,६८६.४६ | ४५.८४% |
| २ | आयआर्जन नगर्ने सम्पत्ति/ जम्मा सम्पत्ति | ५% भन्दा कम | ३७,४२५,९३२.९९ | ९७५,३५९,४७८.०५ | ३.८४% |
| R | Rates of Return and Costs (लगानीको प्रतिफल तथा लागत) | | | | |
| ९ | संचालन खर्च/औसत सम्पत्ति | ५% | २०,८६१,५८४.११ | ९९५,५५०,००९.२२ | २.१०% |
| १२ | खुद आय/औसत सम्पत्ति | १०% | १५,९५६,८२३.९८ | ९९५,५५०,००९.२२ | १.६०% |
| L | Liqiidity (तरलता) | | | | |
| १ | तरलता रकम/ जम्मा बचत रकम | १५% | १६५,६०४,८११.६७ | ६६३,७९७,०१७.६० | २४.९५% |
| ३ | आयआर्जन नगर्ने तरल सम्पत्ति/ जम्मा सम्पत्ति | १% भन्दा कम | ४,११७,३२५.६७ | ९७५,३५९,४७८.०५ | ०.४२% |
| S | Signs of Growth (बृद्धिको संकेत) | | | | |
| १० | सदस्यता बृद्धि | १२% | ५,३१०.०० | ६,१२२.०० | १५.२९% |
| ११ | सम्पत्तिमा बृद्धि | मुद्रा स्फिती भन्दा बढि | १,०१५,७४०,५४०.३९ | ९७५,३५९,४७८.०५ | -३.९८% |

# पश्चिम नेपाल बचत तथा ऋण सहकारी संस्था लि.

## दरवाङ्ग, मालिका गा.पा.-६, म्याग्दी

अनूसुची १४

### प्रमुख लेखा नीतिहरु र लेखा सम्बन्धि टिप्पणीहरु

१. **प्रमुख लेखा नीतिहरु (Principle Accounting Policies)**

१.१ **संस्था सम्बन्धी जानकारी** : पश्चिम नेपाल बचत तथा ऋण सहकारी संस्था लिमिटेड सहकारी ऐन, २०४८ अन्तर्गत सहकारी विभागमा दर्ता भएको सहकारी संस्था हो । यस संस्थाको मुख्य कार्यालय मालिका गा.पा. वडा नं. ६ दरवाङ्ग र सदस्य सेवाकेन्द्रहरु मंगला गा.पा. २, बावियाचौर, रघुगंगा गा.पा. २, भगवती, धौलागिरी गा.पा. ७, ताकम, वेनी न.पा. वडा नं. ४, तातोपानी अन्नपुर्ण गा.पा. ६, पोखरेवगर, वेनी न.पा. ७ न्यूरोड र जलजला गा.पा. ३, पर्वतमा रहेका छन् । यस संस्थाले सहकारिताको सिद्धान्त र सहकारी ऐनको परिधि भित्र रही संस्थाका सदस्यहरुबाट बचत संकलन तथा सदस्यहरुलाई उचित ब्याजदरमा ऋण लगानी आदि कार्य गरि रहेको छ । यस वित्तिय विवरणहरु अन्यथा उल्लेख गरेभन्दा बाहेक नेपाली रुपैयामा प्रस्तुत गरीएको छ । वित्तिय विवरणहरुले १ श्रावण २०७९ देखि ३१ आषाढ २०८० सम्मको अवधिलाई समेटेको छ ।

१.२ **लेखाङ्कनको आधार** : वित्तिय विवरणहरु अन्यथा उल्लेख गरिएकोमा बाहेक ऐतिहासिक लागत अवधारणा, सामान्य रुपमा स्वीकार्य तथा प्रचलनमा रहेका लेखा पद्धति, सहकारी ऐन, नियमावली तथा नेपाल चार्टर्ड एकाउन्टेण्ट्स संस्थाबाट जारी गरिएको नेपाल लेखामान (Nepal Accounting Standards) आदि समेतको अधिनमा रही तयार गरिएको छ ।

१.३ **आय लेखाङ्कनका आधार** : कर्जा तथा सापटमा प्राप्त हूने ब्याज सहकारी विभागको निर्देशन अनुसार नगद प्राप्तिको आधारमा लेखाङ्कन गरिएको छ । त्यस्तै प्रवेश शुल्क, सेवा शुल्क, हर्जाना शुल्क, खाता बन्द शुल्क तथा अन्य शुल्क र रेमिटेन्स कमिशनलाई नगद प्राप्तिको आधारमा लेखांकन गरिएको छ । यसरी आयलाई नगद प्राप्तिको आधारमा लेखाङकन गर्नु नेपाल लेखामान ०७ मा उल्लेख भए अनुसार आयलाई प्राप्त रकम र प्राप्त हुन बांकी रकमको सन्तोषप्रद (Fair) मूल्यमा लेखाङकन गर्नूपर्ने प्रावधान अनूरुप रहेको छैन ।

१.४ **स्थिर सम्पत्ति**

स्थिर सम्पत्तिको मूल्याङ्कन गर्दा सो सम्पत्ति खरिद र निर्माण गर्दा लागेको लागत मूल्यका साथै सो संग सम्बन्धित प्रत्यक्ष खर्चहरु समेत समावेश गरिएका छन् । रू. २,००० वा सो भन्दा कम मूल्य भएको तथा अल्प आयु एवं सजिलै संग टुटफुट हुन सक्ने प्रकृतिका सम्पत्तिहरुलाई पूंजीगत गरिएको छैन ।

Devkota & Co. Chartered Accountants

पेज १ को ९

१.५ **ह्रास कट्टी :** संस्थाको स्थिर सम्पत्तिमा घट्दो ह्रास प्रणालीको सिद्धान्त अनूरुप ह्रास कट्टी हिसाब गरिएको छ। स्थिर सम्पत्तिको नीति अनुरुपको ह्रासदर निम्न रहेको छ।

| स्थिर सम्पत्ति | ह्रास कट्टी दर |
|---|---|
| जग्गा | 0% |
| भवन | ५% |
| फर्निचर | २५% |
| कम्प्यूटर तथा प्रिन्टर्स | २५% |
| सवारी साधन | २०% |
| अन्य स्थिर सम्पत्ति | २५% |
| भल्ट | १५% |

आयकर प्रयोजनको लागि संस्थाले आयकर ऐन, २०५८ ले निर्दिष्ट गरेको दर एवं प्रक्रिया अनूसार दावी गरिएको छ।

१.६ **मसलन्द मौज्दात** : संस्थाले खरिद गरेको सबै किसिमको स्टेशनरी, छपाई तथा अन्य विविध सामग्रीहरुलाई खपतको आधारमा नभई खरिदको आधारमा खर्च लेखेको छ। मसलन्द मौज्दातको अभिलेख राखेको छैन।

१.७ **लगानी** : विभिन्न बैंक तथा संघ संस्थाहरुको शेयरमा गरिएको लगानीलाई परल मोलको आधारमा लेखाङ्कन गरिएको छ।

१.८ **ऋण लगानी** : संस्थाले प्रमुख रुपमा जेथा जमानतमा ऋण लगानी गर्ने गरेको छ। केही ऋण सदस्यहरुको सामुहिक तथा व्यक्तिगत जमानतमा समेत लगानी गर्ने गरेको छ।

१.९ **जगेडा तथा अन्य कोषहरु :** सहकारी ऐन २०७४, नियमावली २०७५, संस्थाको विनियम र संचालक समितिको निर्णय अनुसार खुद आयको २५% रकम साधारण जगेडामा कायम गरिएको छ। सो पछिको बाँकी रकमलाई सत प्रतिशत मानी सहकारी ऐन २०७४ को दफा ६९ बमोजिम २५% संरक्षित पूंजी फिर्ता कोष र दफा ७० बमोजिम सहकारी प्रवर्द्धन कोषमा ०.५ प्रतिशत व्यवस्था गरि बांकी रकमलाई शत प्रतिशत मानि संस्थाको स्वीकृत विनियम तथा समितिको निर्णयानूसार

S. Devkota & Co. Chartered Accountants

पेज २ को ९

विनियोजन गरिएको छ । जस अनुसार प्रस्तुत बर्षमा संस्थाले शेयर लाभांश कोषमा खुद नाफाको ६०%, कर्मचारी बोनस कोष १०%, सहकारी शिक्षा र तालिम कोषमा ५%, संस्था विकास कोषमा ५%, सामुदायिक विकास कोषमा ५%, स्थिरीकरण कोषमा ५%, जोखिम व्यवस्थपन कोषमा ५% र घाटा पुर्ति कोषमा ५%, रकम बांडफांड गरिएको छ ।

**१.१० आय तथा व्यय लेखाङ्कन सम्बन्धी नीति :**

क) ऋण लगानीको व्याज आयलाई नगद प्राप्तिको आधारमा लेखाङ्कन गरिएको छ । आ.व.को अन्त्यमा पाकेको तर नगदमा प्राप्त नभएको व्याज बापतको रकमलाई पाउनु पर्ने शीर्षक अन्तर्गत लेखी व्याज मुल्तबीमा जनाउने नीति रहेको छ । नगद प्राप्तिका आधारमा व्याज आम्दानी जनाउने यो नीति नेपाल लेखामान ०७ संग सामन्जस्यता राख्दैन ।

ख) शेयर लगानीमा प्राप्त हूने लाभांश र निक्षेपमा प्राप्त हुने व्याजलाई प्राप्तिको आधारमा लेखाङ्कन गर्ने नीति लिइएको छ ।

ग) निक्षेप दायित्वमा दिइने व्याज खर्च सदस्यहरुसंग गरिएको सम्फौता अनुसार प्रोदभावी आधारमा खर्च लेख्ने गरिएको छ ।

घ) संस्थाले अन्य बैंक वित्तिय संस्थाबाट प्राप्त व्याजको श्रोतमा कर कट्टी गर्नु पुर्वको सम्पूर्ण व्याज रकमलाई आम्दानी जनाइएको छ ।

ङ) कर्जा तथा निक्षेपको व्याज गणना गर्दा ३६५ दिन बराबर १ वर्ष हिसाब गरिएको छ ।

च) कर्मचारी बोनस बापत समितिको निर्णय अनुसार व्यवस्था गरिएको छ ।

**१.११ कर्जा जोखिम व्यवस्था** : सहकारी ऐन २०७४, नियमावली २०७५, संस्थाको विनियम तथो ऋण नीति बमोजिम आर्थिक वर्षको अन्त्यमा लगानीमा रहेको सम्पूर्ण कर्जाहरुलाई असल कर्जा, संकास्पद कर्जा तथा खराब कर्जामा वर्गीकरण गरि क्रमशः १%, ३५% तथा १००% ले हुन आउने रकमलाई कर्जा जोखिम व्यवस्था गर्ने नीति रहेको छ । संस्थाले पर्याप्त कर्जा नोक्सानी ब्यवस्था गरेको छैन ।

S. Dhakola & Co. Chartered Accountants

पेज ३ को ९

**१.१२ कर्जा अपलेखन नीति** : संस्थाले असूल उपर गर्नूपर्ने ऋण वा कूनै रकम मिनाहा गर्नूपर्दा पर्याप्त कारणहरु सहित संचालक समितिले निर्णय गरि साधारण सभामा स्वीकृतिका लागि पेश गर्न सक्नेछ । साधारण सभामा उपस्थित सदस्यहरुको दूई तिहाई बहूमतको निर्णयबाट मात्र यस्तो निर्णय कार्यान्वियन हून सक्नेछ । प्रस्तूत वर्षमा कूनै कर्जा अपलेखन गरिएको छैन ।

**१.१३ आयकर व्यवस्था** : आयकर ऐन, २०५८ तथा आयकर नियामावली, २०५९ अनूसार आयकर ऐनको दफा ११ (२) अनुसार सहकारी ऐन २०४८ बमोजिम दर्ता भई गाँउपालिकामा स्थापित सहकारी संस्थाको आय तथा वितरण गरेको लाभांसमा समेत कर नलाग्ने व्यवस्था रहेकाले आयकर व्यवस्था गरिएको छैन । साथै आयकर ऐन २०५८ को दफा ११ (२) क बमोजिम गाँउपालिकामा स्थापित सहकारी संस्थामा गरेको बचतबाट एउटै सदस्यले प्राप्त भएको रू. २५,०००/- सम्मको ब्याज आयमा कर नलाग्ने व्यवस्था भएकोमा गाँउपालिकामा संचालित सेवाकेन्द्रहरु बाट रू. २५,०००/- भन्दा कम ब्याज प्राप्त गरेका सदस्यहरुको ब्याजमा करकट्टी गरिएको छैन । नगरपालिकामा संचालित सेवा केन्द्रहरुको सम्पुर्ण ब्याजमा र गाँउपालिकामा संचालित सेवाकेन्द्रहरुको रू . २५,०००/- भन्दा बढि ब्याज प्राप्त गर्ने सदस्यहरुको ब्याजकर कट्टी गरी गरिएको छ ।

**१.१४ कमिशन आयको लेखाङ्कन** : यस संस्थाले विभिन्न कारोवारमा प्राप्त गरेको कमिशनलाई उपार्जनको आधारमा आम्दानीमा लेखाङ्कन गर्ने नीति लिइएको छ ।

**१.१५ कर्मचारी अवकाश व्यवस्था** : संस्थामा कार्यरत अस्थायी र स्थायी कर्मचारीहरुको लागि कर्मचारीको तलवबाट १० प्रतिशत कट्टा गरि त्यतिनै रकम संस्थाले थप गरि कर्मचारी संचयकोषमा जम्मा गर्ने गरेको छ। यो बाहेक कर्मचारी उपदान सम्वन्धि अन्य व्यवस्था संस्थामा रहेको छैन ।

**२. लेखा सम्बन्धी टिप्पणीहरु**

**२.१ शेयर पूंजी तथा अन्य कोषमा भएको परिवर्तन**

**२.१.१ शेयर पूंजीमा भएको परिवर्तन**

| | | |
|---|---|---|
| आ.व. २०७९/०८० को शुरु मौज्दात | रू. | १०३,९२९,९००.०० |
| यस बर्ष बृद्धि | रू. | ८४५,५००.०० |
| आ.व. २०७९/०८० को अन्तिम मौज्दात | रू. | १०४,७७५,४००.०० |

**२.१.२ जगेडा कोषमा भएको परिवर्तन**

| | | |
|---|---|---|
| आ.व. २०७९/०८० को शुरु मौज्दात | रू. | २६,०६९,०११.०५ |
| यस बर्ष थप | रू. | ४,१८५,२४३.९७ |
| आ.व. २०७९/०८० को अन्तिम मौज्दात | रू. | ३०,२५४,२५५.०२ |

पेज ४ को ९

**२.१.३ संरक्षित पूंजी फिर्ता कोषमा भएको परिवर्तन**

| | | |
|---|---|---|
| आ.व. २०७९/०८० को शुरु मौज्दात | रू. | ४,७३८,३८८.७५ |
| यस बर्ष वितरण | रू. | (४,६६३,७८८.२२) |
| यस बर्ष थप | रू. | २,९९१,९०४.५० |
| आ.व. २०७९/०८० को अन्तिम मौज्दात | रू. | ३,०६६,५०५.०३ |

**२.१.४ सहकारी प्रवर्द्धन कोषमा भएको परिवर्तन**

| | | |
|---|---|---|
| आ.व. २०७९/०८० को शुरु मौज्दात | रू. | २२६,६१४.९८ |
| यस बर्ष खर्च | रू. | (२२६,६१४.९८) |
| यस बर्ष थप | रू. | ५९,८३८.०९ |
| आ.व. २०७९/०८० को अन्तिम मौज्दात | रू. | ५९,८३८.०९ |

**२.१.५ शेयर लाभांश कोषमा भएको परिवर्तन**

| | | |
|---|---|---|
| आ.व. २०७९/०८० को शुरु मौज्दात | रू. | ८,४७२,२३९.११ |
| यस बर्ष वितरण | रू. | (८,४७२,२३९.११) |
| यस बर्ष थप | रू. | ५,३४९,५२५.२४ |
| आ.व. २०७९/०८० को अन्तिम मौज्दात | रू. | ५,३४९,५२५.२४ |

**२.१.६ सहकारी शिक्षा कोषमा भएको परिवर्तन**

| | | |
|---|---|---|
| आ.व. २०७९/०८० को शुरु मौज्दात | रू. | ७६२,२९२.३३ |
| यस बर्ष खर्च | रू. | (३२४,९२४.००) |
| यस बर्ष थप | रू. | ४४५,७९३.७७ |
| आ.व. २०७९/०८० को अन्तिम मौज्दात | रू. | ८८३,१६२.१० |

**२.१.७ सहकारी विकास कोषमा भएको परिवर्तन**

| | | |
|---|---|---|
| आ.व. २०७९/०८० को शुरु मौज्दात | रू. | ९२४,६१३.९८ |
| यस बर्ष खर्च | रू. | (२७९,१०५.००) |
| यस बर्ष थप | रू. | ४४५,७९३.७७ |
| आ.व. २०७९/०८० को अन्तिम मौज्दात | रू. | १,०९१,३०२.७५ |

**२.१.८ कर्मचारी बोनस कोषमा भएको परिवर्तन**

| | | |
|---|---|---|
| आ.व. २०७९/०८० को शुरु मौज्दात | रू. | १,४१२,१७१.६८ |
| वितरण | रू. | (१,३०१,४५६.००) |
| यस बर्ष थप | रू. | ८९१,५८७.५४ |
| आ.व. २०७९/०८० को अन्तिम मौज्दात | रू. | १,००२,३०३.२२ |

**२.१.९ सामुदायिक विकास कोषमा भएको परिवर्तन**

| | | |
|---|---|---|
| आ.व. २०७९/०८० को शुरु मौज्दात | रू. | ८८६,७१७.२२ |
| यस बर्ष खर्च | रू. | - |
| यस बर्ष थप | रू. | ४४५,७९३.७७ |
| आ.व. २०७९/०८० को अन्तिम मौज्दात | रू. | १,३३२,५१०.९९ |

S. Devkota & Co. Chartered Accountants

पेज ५ को ९

**२.१.१० स्थिरीकरण कोषमा भएको परिवर्तन**

| | | |
|---|---|---|
| आ.व. २०७९/०८० को शुरु मौज्दात | रू. | १,१८६,७१७.२२ |
| यस बर्ष खर्च | रू. | - |
| यस बर्ष थप | रू. | ४४५,७९३.७७ |
| आ.व. २०७९/०८० को अन्तिम मौज्दात | रू. | १,६३२,५१०.९९ |

**२.१.११ जोखिम व्यवस्थापन कोषमा भएको परिवर्तन**

| | | |
|---|---|---|
| आ.व. २०७९/०८० को शुरु मौज्दात | रू. | १,१८६,७१७.२२ |
| यस बर्ष खर्च | रू. | - |
| यस बर्ष थप | रू. | ४४५,७९३.७७ |
| आ.व. २०७९/०८० को अन्तिम मौज्दात | रू. | १,६३२,५१०.९९ |

**२.१.१२ घाटापुर्ति कोषमा भएको परिवर्तन**

| | | |
|---|---|---|
| आ.व. २०७९/०८० को शुरु मौज्दात | रू. | ३,८८१,५७३.७३ |
| यस बर्ष खर्च | रू. | - |
| यस बर्ष थप | रू. | ४४५,७९३.७७ |
| आ.व. २०७९/०८० को अन्तिम मौज्दात | रू. | ४,३२७,३६७.५० |

**२.१.१३ कर्जा सापटमा भएको परिवर्तन**

| | | |
|---|---|---|
| आ.व. २०७९/०८० को शुरु मौज्दात | रू. | ८०५,७७५,०२०.२८ |
| यस बर्ष लगानी | रू. | ३९९,५१२,२१८.२२ |
| यस बर्ष असुली | रू. | (४६४,८१०,५५२.०४) |
| अपलेखन गरेको सावा | रू. | - |
| आ.व. २०७९/०८० को अन्तिम मौज्दात | रू. | ७४०,४७६,६८६.४६ |
| बृद्धि दर | % | -८.१०% |

**२.१.१४ निक्षेप दायित्वमा भएको परिवर्तन**

| | | |
|---|---|---|
| आ.व. २०७९/०८० को शुरु मौज्दात | रू. | ६९४,०४५,७३०.६५ |
| यस बर्ष संकलन | रू. | ३,०७५,०९२,०००.६६ |
| यस बर्ष फिर्ता | रू. | (३,१०५,३४०,७१३.७१) |
| आ.व. २०७९/०८० को अन्तिम मौज्दात | रू. | ६६३,७९७,०१७.६० |
| बृद्धि दर | % | -४.५६% |

**२.१.१० स्थिरीकरण कोषमा भएको परिवर्तन**

| | | |
|---|---|---|
| आ.व. २०७९/०८० को शुरु मौज्दात | रू. | १,१८६,७१७.२२ |
| यस बर्ष खर्च | रू. | – |
| यस बर्ष थप | रू. | ४४५,७९३.७७ |
| आ.व. २०७९/०८० को अन्तिम मौज्दात | रू. | १,६३२,५१०.९९ |

**२.१.११ जोखिम व्यवस्थापन कोषमा भएको परिवर्तन**

| | | |
|---|---|---|
| आ.व. २०७९/०८० को शुरु मौज्दात | रू. | १,१८६,७१७.२२ |
| यस बर्ष खर्च | रू. | – |
| यस बर्ष थप | रू. | ४४५,७९३.७७ |
| आ.व. २०७९/०८० को अन्तिम मौज्दात | रू. | १,६३२,५१०.९९ |

**२.१.१२ घाटापुर्ति कोषमा भएको परिवर्तन**

| | | |
|---|---|---|
| आ.व. २०७९/०८० को शुरु मौज्दात | रू. | ३,८८१,५७३.७३ |
| यस बर्ष खर्च | रू. | – |
| यस बर्ष थप | रू. | ४४५,७९३.७७ |
| आ.व. २०७९/०८० को अन्तिम मौज्दात | रू. | ४,३२७,३६७.५० |

**२.१.१३ कर्जा सापटमा भएको परिवर्तन**

| | | |
|---|---|---|
| आ.व. २०७९/०८० को शुरु मौज्दात | रू. | ८०५,७७५,०२०.२८ |
| यस बर्ष लगानी | रू. | ३९९,५१२,२१८.२२ |
| यस बर्ष असुली | रू. | (४६४,८१०,५५२.०४) |
| अपलेखन गरेको सावा | रू. | – |
| आ.व. २०७९/०८० को अन्तिम मौज्दात | रू. | ७४०,४७६,६८६.४६ |
| बृद्धि दर | % | -८.१०% |

**२.१.१४ निक्षेप दायित्वमा भएको परिवर्तन**

| | | |
|---|---|---|
| आ.व. २०७९/०८० को शुरु मौज्दात | रू. | ६९४,०४५,७३०.६५ |
| यस बर्ष संकलन | रू. | ३,०७५,०९२,०००.६६ |
| यस बर्ष फिर्ता | रू. | (३,१०५,३४०,७१३.७१) |
| आ.व. २०७९/०८० को अन्तिम मौज्दात | रू. | ६६३,७९७,०१७.६० |
| बृद्धि दर | % | -४.५६% |

S. Devkota & Co. Chartered Accountants

पेज ६ को ९

**२.१.१५ कर्जा वर्गिकरण तथा नोक्सानी व्यवस्था :** संस्थाले सहकारी ऐन, नियमावली तथा संस्थाको विनियम अनुसार कर्जा को आयु बर्गिकरण गरि पर्याप्त कर्जा नोक्सानी गर्न सकेको छैन । यस बर्ष सम्म गर्नुपर्ने कर्जा नोक्सानी व्यवस्था र गरिएको व्यवस्था निम्नानुसार रहेको छ ।

| क्र.सं. | विवरण | कर्जा रकम | नोक्सानी व्यवस्था |
|---|---|---|---|
| क | असल | ४०१,०२४,५०१.८० | ४,०१०,२४५.०२ |
| ख | शंकास्पद | १६३,१५८,९९२.४६ | ५७,१०५,६४७.३६ |
| ग | खराव | १७६,२९३,१९२.२० | १७६,२९३,१९२.२० |
| | जम्मा | ७४०,४७६,६८६.४६ | २३७,४०९,०८४.५८ |
| | गत वर्षसम्म नोक्सानी व्यवस्था | | १०,८०३,४२४.५४ |
| | यस वर्ष नोक्सानी व्यवस्था | | १,५००,०००.०० |
| | कूल कर्जा नोक्सानी व्यवस्था | | १२,३०३,४२४.५४ |
| | **नपुग कर्जा नोक्सानी व्यवस्था** | | **२२५,१०५,६६०.०४** |

**२.१.१६ लगानीमा भएको परिवर्तन**

| | | |
|---|---|---|
| आ.व. २०७९/०८० को शुरु मौज्दात | रू. | २,७२४,१००.०० |
| यस बर्ष शेयर खरिद | रू. | (१,०००.००) |
| यस बर्ष शेयर विक्रि | रू. | - |
| आ.व. २०७९/०८० को अन्तिम मौज्दात | रू. | २,७२३,१००.०० |
| बृद्धि | % | -०.०४% |

**२.१.१७ बाह्य ऋणमा भएको परिवर्तन**

| | | |
|---|---|---|
| आ.व. २०७९/०८० को शुरु मौज्दात | रू. | ११२,२००,०००.०० |
| यस बर्ष फिर्ता | रू. | (१९,१००,०००.००) |
| यस बर्ष थप | रू. | - |
| आ.व. २०७९/०८० को अन्तिम मौज्दात | रू. | ९३,१००,०००.०० |
| बृद्धि | % | -२०.५२% |

**२.१.१८ निक्षेप र कर्जाको भारित औषत ब्याज दरको अन्तर (Weighted Average Interest Rate Spread)**

| | | |
|---|---|---|
| कर्जामा भारित औसत ब्याज दर | % | १५.९६ |
| बचतमा भारित औसत ब्याजदर | % | ११.२३ |
| भारित औसत ब्याजदर फरक (Spread) | % | ४.७३ |

**२.१.१९ ब्याज मुल्तबी हिसाब (Interest Suspense A/c)**

नगदमा प्राप्त नभएको ब्याजलाई पाउनु पर्ने ब्याज हिसावमा रु. २१,७८७,४१२.२७ खर्च लेखी ब्याज मुल्तवी हिसाबमा सोही रकम व्यवस्था गरिएको छ ।

S. Devkota & Co. Chartered Accountants

पेज ७ को ९

२.१.२० तरलता

| विवरण | यस वर्ष रू. | गत वर्ष रू. |
|---|---|---|
| नगद मौज्दात | ४,११७,३२५.६७ | ५,७३१,६५४.५३ |
| बैंक मौज्दात | १६१,४८७,४८६.०० | १४२,८५६,५८५.७६ |
| जम्मा तरल सम्पत्ति | १६५,६०४,८११.६७ | १४८,५८८,२४०.२९ |
| कुल बचत रकम | ६६३,७९७,०१७.६० | ६९४,०४५,७३०.६५ |
| तरलता प्रतिशत | २४.९५% | २१.४१% |

३ सम्बद्ध व्यक्ति/समूह वारे जानकारी

३.१ सम्बद्ध संस्था

सम्बद्ध संस्था रहेको छैन ।

४ प्रमूख व्यवस्थापक, निजको पारिश्रमिक र सुविधा

| क्र.सं. | नाम | पद | तलब भत्ता र सुविधा | अन्य सुविधा | दीर्घकालीन सुविधा |
|---|---|---|---|---|---|
| १ | प्रेमलाल कंडेल | प्रमुख व्यवस्थापक | १०,५९,४७६.०० (बार्षिक) | मोटरसाइकल/पोशाक | छैन |

Devkota & Co Chartered Accountants

पेज ८ को ९

५ संचालक समितिलाई प्रदान गरिएको पारिश्रमिक र सुविधा : संचालक समिति तथा लेखा सुपरीवेक्षण समितिले लिएको सुविधा तथा भत्ता निम्नानुसार रहेको छ ।

| क्र.सं. | नाम थर | पद | भुक्तानी रकम रू. |
|---|---|---|---|
| १ | भिमप्रसाद गौतम | अध्यक्ष | ३९,०००.०० |
| २ | हरिप्रसाद पौडेल | उपाध्यक्ष | ३३,०००.०० |
| ३ | कृष्णप्रसाद आचार्य | सचिव | ३७,८००.०० |
| ४ | श्रीराम पौडेल | कोषाध्यक्ष | ३६,८००.०० |
| ५ | मायादेवी शर्मा | संचालक | २३,०००.०० |
| ६ | लेकबहादुर पुन | संचालक | २१,०००.०० |
| ७ | दामोदर शर्मा | संचालक | २२,०००.०० |
| ८ | प्रेमलाल पौडेल | संचालक | १७,०००.०० |
| ९ | डिलबहादुर बरुवाल | संचालक | २४,०००.०० |
| १० | लोकनाथ आचार्य | संचालक | १८,०००.०० |
| ११ | दिर्घबहादुर खत्रि | संचालक | १४,०००.०० |
| १२ | श्रीकृष्ण रिजाल | संचालक | १४,०००.०० |
| १३ | गणेश गुरुङ | संचालक | २,०००.०० |
| १४ | रमेश सुवेदी | लेखा संयोजक | ६,०००.०० |
| १५ | गोपाल प्रसाद रेग्मी | लेखा सदस्य | ६,०००.०० |
| १६ | लोकनाथ रेग्मी | लेखा सदस्य | ४,०००.०० |

६ उपदान तथा विदा वापतको व्यवस्था श्रम ऐन २०७४ तथा श्रम नियमावली २०७५ अनुरुप गरिएको छैन ।

७ विगत आ.व.को वित्तीय विवरणको बिभिन्न शिर्षकहरुमा दर्शाएका रकमहरुलाई सार्थक प्रस्तुति तथा अर्थपूर्ण तुलनाको लागि आवश्यकता अनुसार पुनः वर्गीकरण गरिएको छ ।

सुनिल देवकोटा, एफ.सि.ए.
लेखापरीक्षक
एस.देवकोटा एण्ड कम्पनी
चार्टर्ड एकाउन्टेन्ट्स

पेज ९ को ९



## १६ औं वार्षिक साधारण सभामा संस्थाका लेखा तथा सुपरिवेक्षण समितिका संयोजक रमेश सुवेदीले प्रस्तुत गरेको प्रतिवेदन

आदरणीय अध्यक्षज्यू, प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यूहरु, संस्थाका सल्लाहाकारज्यूहरु, संचालक समितिका पदाधिकारी तथा सदस्यज्यूहरु, लेखा तथा सुपरिवेक्षण समितिका सदस्यज्यूहरु, नियामक निकायका प्रमुख तथा प्रतिनिधिज्यू, विप्रेषण लगायत विभिन्न सेवा प्रदायक कम्पनिका प्रतिनिधिज्यूहरु, वित्तीय साझेदार संस्थाका प्रतिनिधिज्यूहरु, विभिन्न विषयगत उप-समितिका संयोजक तथा सदस्यज्यूहरु, सेवाकेन्द्र उप-समितिका संयोजक तथा सदस्यज्यूहरु, उपस्थित सम्पूर्ण शेयर सदस्यज्यूहरु, मुख्य व्यवस्थापकज्यू, विभागीय प्रमुख, सेवाकेन्द्र  प्रमुख तथा सम्पूर्ण कर्मचारी मित्रहरु, पत्रकार मित्रहरु लगायत उपस्थित सम्पूर्णमा संस्थाको लेखा तथा सुपरिवेक्षण समितिको तर्फदेखि एवम् मेरो व्यक्तिगत तर्फदेखि न्यानो अभिवादन व्यक्त गर्दछु ।

**उपस्थित  महानुभावहरु,**

नेपालमा परापूर्वकालदेखि नै पर्म, गुठी, ढिकुडी,  ऐँचोपैंचो, धर्मभकारी, आदि स्वरुपमा रहेको सहकारिले संस्थागत विकासको थालनी गरेको पनि करिव ८ दशक वितिसकेको छ । तथापि सहकारिको विकास र विस्तारमा थुप्रै समस्या र चुनौति आज पनि विद्यमान रहेका छन् ।

सहकारी संस्थामा भएरगरेको आर्थिक क्रियाकलाप, प्रशासन संचालन, मार्फत संस्थाका सदस्यहरुको हित तथा संस्थाको उद्देश्य अनुरुप कार्य सम्पादन भए नभएको जाँच गर्न, विगतमा काम कारवाही गर्दा भएका कमि कमजोरीहरु सच्याएर अघि बढ्न, त्रुटिहरु दोहोरिन नदिन, संचालक तथा व्यवस्थापक कर्मचारीबाट भएका त्रुटिहरु ढाकछोप नगर्न, रकमको दुरुपयोग तथा हिनामिना हुनाबाट जोगाउँदै सदस्यहरुको आर्थिक हितको सुरक्षा गर्न, सहकारी ऐन २०७४, परिच्छेद ६, दफा ४८ ले सहकारी संस्थाहरुमा एउटा लेखा तथा सुपरिवेक्षण समिति रहने व्यवस्था गरेको तथा सोही ऐनको परिच्छेद ६, दफा ४९ ले सहकारी संस्थाको आन्तरिक लेखापरिक्षण गर्ने, संस्थाको वित्तीय तथा आर्थिक कारोबारको निरिक्षण तथा मूल्याँङकन गर्ने, संचालक समितिको काम कारवाहीको नियमित सुपरिवेक्षण गर्ने, संचालक समितिलाई आवश्यक सल्लाह


सुझाव दिने, समितिका निर्णय विद्यमान कानुन तथा संस्थाका विनियम, निति एवम् कार्यविधि अनुरुप भए नभएको यकिन गर्ने, तथा आफूले दिएका सुझावहरु कार्यान्वयन भए नभएको अनुगमन गर्ने लगाएतका लेखा तथा सुपरिवेक्षण समितिका काम कर्तव्य र अधिकार स्पष्ट गरेको व्यहोरा यहाँहरुलाई अवगत नै छ।

वर्तमान समयमा मुलूकको अर्थतन्त्रमा देखा परेको जटिल समस्या, त्यसबाट सहकारी संस्थाहरुमा पर्न गएको नकारात्मक असर, सहकारी संस्थाका सदस्यहरुको सहकारी संस्थाप्रतिको घट्दो विश्वास, केहि सहकारी संस्थाका संचालक वा कर्मचारीहरुले बदनियत पूर्वक गरेका खराब गतिविधिबाट समग्र सहकारी संस्थाहरुको सम्बन्धमा आम जनमानसमा निर्माण हुन गएको नकरात्मक धारणा लगायत प्रतिकुल आर्थिक परिवेशमा सम्पूर्ण सहकारी संस्थाहरुका लेखा तथा सुपरिवेक्षण समितिहरुले अझै गम्भिरतापूर्वक आ-आफ्नो जिम्मेवारी पूरा गर्नुपर्ने परिस्थिति सिर्जना भएको कुरा पश्चिम नेपाल बचत तथा ऋण सहकारी संस्थाको लेखा तथा सुपरिवेक्षण समितिले महशुस गरेको छ ।


अब म यहाँहरुलाई पश्चिम नेपाल बचत तथा ऋण सहकारी संस्थाको पछिल्ला केहि वर्षका वित्तीय सूचकहरुको बारेमा जानाकारी गराउन चाहन्छु । तलको तालिकामा आ. व. २०७४/७५ देखि २०७९/८० सम्मका विविध सूचकहरु र आ. व. २०७७/७८ देखि २०७९/८० सम्मका PE ARLS सूचकहरुको तुलनात्मक अध्ययन प्रस्तुत गरिएको छ ।

तालिका-१

| क्र. सं | सूचक | २०७५ असार मसान्त | २०७६ असार मसान्त | २०७७ असार मसान्त | २०७८ असार मसान्त | २०७९ असार मसान्त | २०८० असार मसान्त |
|---|---|---|---|---|---|---|---|
| १ | सेवाकेन्द्र संख्या | १ | ४ | ६ | ७ | ८ | ८ |
| २ | शेयर सदस्य संख्या | १,६६५ | २,४७१ | ३,२५१ | ४,१६२ | ५,३१० | ६,१२२ |
| ३ | शेयर पूजी | ४,४०,९७,२०० | ६,३६,५९,००० | ९,४८,८८,५०० | १०,३९,२९,९०० | १२,८६,७२,७०० | १२,९५,१८,२०० |
| ४ | जगेडा कोष | १,०२,१०,८९१.४५ | १,३९,६६,५२१.७० | १,६५,१९,६०६.३२ | १,८६,५२,४१२.१९ | २,६०,६९,०११.०५ | २,६२,६५,०४९.०३ |
| ५ | कर्जा नोक्सानी ब्यवस्था | २६,८५,०२७.४९ | ४१,६६,१२१.७६ | ६९,९३,०१६.४२ | ७९,९३,०१६.४२ | १,०१,४८,२२०.४८ | १,१६,४८,२२०.४८ |
| ६ | कुल सम्पति | ३४,७१,८९,६५९.५३ | ४३,२०,७५,३१२.१४ | ७६,२५,४२,९१९.८२ | ८८,२३,८९,०६३.७८ | १,०१,५७,४०,५४०.३९ | ९५,३५,६६,३४९.८५ |


९
८
७
६
५
४
३
२
१
०
२०७५ असार मसान्त
२०७६ असार मसान्त
२०७७ असार मसान्त
२०७८ असार मसान्त
२०७९ असार मसान्त
२०८० असार मसान्त


सेवाकेन्द्र संख्या


७,०००
६,०००
५,०००
४,०००
३,०००
२,०००
१,०००
०
२०७५ असार मसान्त
२०७६ असार मसान्त
२०७७ असार मसान्त
२०७८ असार मसान्त
२०७९ असार मसान्त
२०८० असार मसान्त

तालिका-२

| क्र. सं | सुचक | लक्ष्य (प्रतिशत) | अवस्था :२०७८ असार मसान्त (प्रतिशत) | अवस्था :२०७९ असार मसान्त (प्रतिशत) | *अवस्था :२०८० असार मसान्त (प्रतिशत)* |
|---|---|---|---|---|---|
| १ | १२ महिना भन्दा बढि भाखा नाघेको ऋणको लागि व्यवस्था | १००% | ७.४५% | २७.४७% | ६.६१% |
| २ | १२ महिना भन्दा कम भाखा नाघेको ऋणको लागि व्यवस्था | ३५% | ०.००% | ०.००% | ०.००% |
| ३ | असल ऋणको लागि व्यवस्था | १% | १००% | ०.००% | ०.००% |
| ४ | जम्मा ऋण - जम्मा सम्पत्ति अनुपात | ७०-८०% | ५८.९८% | ७४.८९% | ५२.८४% |
| ५ | जम्मा बचत - जम्मा सम्पत्ति अनुपात | ७० -८०% | ८१.९२% | ६८.३३% | ६८.०६% |
| ६ | बाह्य ऋण - जम्मा सम्पत्ति अनुपात | बढिमा ५% | ०.००% | ०.००% | ९.५५% |
| ७ | जम्मा शेयर पूँजि - जम्मा सम्पत्ति अनुपात | १० -२०% | ११.७८% | १२.६७% | १३.२८% |
| ८ | संस्थागत पूँजि - जम्मा सम्पत्ति अनुपात | कम्तिमा १०% | २% | २.९५% | ३.५५% |
| ९ | जम्मा भाखा नाघेको ऋण र जम्मा उठ्न बाँकि ऋणको अनुपात | ५% भन्दा कम | ३३.२६% | ८.४७% | ४५.८४% |
| १० | आय आर्जन नगर्ने सम्पति र जम्मा सम्पति को अनुपात | ५ % भन्दा कम | २.५५% | ३.७६% | ३.८४% |
| ११ | संचालगन खर्च र औषत सम्पत्तिको अनुपात | ५% | २.०२% | १.८९% | २.१०% |
| १२ | खुद आय र औषत सम्पत्तिको अनुपात | १०% | ०.८१% | २.६६% | १.६०% |
| १३ | तरलता रकम र जम्मा बचत रकम को अनुपात | १५% | ३०.८४% | २०.५८% | २४.९५% |
| १४ | आय आर्जन नगर्ने तरल सम्पत्ति र जम्मा सम्पत्तिको अनुपात | १% भन्दा कम | ०.५४% | ०.५६% | ०.४२% |
| १५ | सदस्यता वृद्धि | १२% | २१.८३% | २१.८३% | १५.२९% |
| १६ | सम्पत्तिमा वृद्धि | मुद्रास्फिति भन्दा बढि | ३१.२०% | १५.११% | -३.९८% |

## विभिन्न PEARLS सूचकहरुको तुलनात्मक स्तम्भचित्र



माथि विभिन्न तालिका तथा स्तम्भचित्रहरुमा प्रस्तुत गरिएका वित्तीय तथ्याङ्कहरुको अध्ययन गर्दा तलिका १ का सबै सूचकहरुमा निरन्तर रुपमा वृद्धि भै रहेकोमा आ. व. २०७९/८० मा कूल सम्पतिमा नकारात्मक वृद्धि भएको अर्थात कूल सम्पति घटेको देखिन्छ ।

त्यसै गरी तालिका २ का सूचकहरुको अध्ययन गर्दा संस्थाले भाखा नाघेको ऋणको लागि गरेको व्यवस्था अपर्याप्त रहेको देखिन्छ । चालु वर्षमा ऋण सम्पत्ति अनुपात लक्ष्य भन्दा न्युन रहेको देखिन्छ भने वाह्य ऋण र सम्पति वीचको अनुपात लक्ष्यभन्दा बढि रहेको देखिन्छ जुन कुरा संस्थाको लागि राम्रो होइन । संस्थाको कुल भाखा नाघेको ऋणको अनुपातमा उठ्न बाँकि ऋण तोकिएको लक्ष्यभन्दा बढी रहेको छ जुन संस्थाको मुख्य समस्या हो  भने चालु आर्थिक वर्षमा संस्थाको सम्पतिमा वृद्धि मुद्रास्फिति भन्दा बढी हुनुपर्नेमा ऋणात्मक भएको देखिन्छ, जसले गर्दा संस्थालाइ थप चुस्त दरुस्त ढंगले संचालन गर्नु आवश्यक रहेको देखिन्छ ।

उपस्थित महानुभावहरु,

अब म आर्थिक वर्ष २०७९/८० मा पश्चिम नेपाल बचत तथा ऋण सहकारी संस्थाको लेखा तथा सुपरिवेक्षण समितिले गरेका कार्यहरु संक्षिप्तमा प्रस्तुत गर्न चाहन्छु ।

लेखा तथा सुपरिवेक्षण समितिले १५ औं साधारण सभा (२०७९/०७/०४) को मितिदेखि आजको मितिसम्म ३ पटक समितिको बैठक तथा २ पटक संचालक समितिसँग संयुक्त बैठक गरी कूल ५ वटा बैठक सम्पन्न गरेको छ । त्यसै गरी यस संस्थाका कूल ८ वटा सेवा केन्द्रहरु मध्य ६ वटा सेवा केन्द्र र मुख्य कार्यालयको स्थलगत अनुगमन गरी प्राप्त जानकारीहरुको आधारमा संस्थाको सञ्चालन, प्रशासन, सञ्चालक समितिको कार्य सम्पादन, विषयगत समितिहरुको कार्य सम्पादन, संस्थाका नीति कार्यविधिहरु निर्माण र संशोधन, बचत संकलन, ऋण लगानी तथा असुली, लेखापालन, लेखापरिक्षण, खरिद प्रक्रिया, भौतिक सम्पत्ति व्यवस्थापन, मानव संशाधन नीति एवम् मानव संशाधन व्यवस्थापन, लगायत अनेकौं विषयमा सुक्ष्म ढंगले विष्लेषणात्मक अध्ययग गरी प्रत्यक शिर्षकमा प्राप्त विवरणको टिप्पणी र सो सम्बन्धमा लेखा तथा सुपरिवेक्षण समितिले उपयुक्त ठानेको राय सुझाव सहितको करिव १० पृष्ठ लामो प्रतिवेदन संचालक समिति समक्ष पेश गरिसकेका छौं।

पश्चिम नेपाल बचत तथा ऋण सहकारी संस्थाको सञ्चालक समिति, विभिन्न विषयगत उप–समितिहरु, मुख्य व्यवस्थापक एवम् कर्मचारी वर्ग संस्थागत हित, संस्थाको उद्देश्य अनुरुप कार्य सम्पादन तथा सदस्यहरुको सम्पत्ति संरक्षण गर्ने सन्दर्भमा जिम्मेवार, जवाफदेही र गम्भिर रहेको कुरा हामीले महशुस

गरेका छौं । तै पनि कार्य सम्पादन गर्ने शिलशिलामा मानवीय स्वभाव, प्रविधिको प्रयोगको अवस्था, नीतिगत अष्पष्टता, लगायत कारणबाट कतिपय कमजोरिहरु हुन जानु स्वभाविक हुने देखिन्छ। संस्थाको नियामक निकायसँगको संलग्नता सँगसँगै त्यस्ता कमजोरिहरु अपेक्षित रुपमा न्यून हुँदै गएको तथा विगतमा भए गरेका कार्यबाट उत्पन्न भएका समस्याहरुको समाधानका निम्ति संचालक समितिले देखाएको तत्परता, एवम् शुरुवात गरिएका क्रियाकलाप समेतको आधारमा हेर्दा ती समस्याहरु छिटै समाधान हुन्छन् भन्ने अपेक्षा लेखा तथा सुपरिवेक्षण समितिले राखेको छ । यसका साथै लेखा तथा सुपरिवेक्षण समितिले दिएका कतिपय सुझावहरु संचालक समितिले कार्यान्वयन गरेकोमा लेखा तथा सुपरिवेक्षण समिति संचालक समितिलाइ धन्यवाद गर्दछ तथा कार्यान्वयन हुन बाँकि रहेका राय सुझावहरु समेत क्रमस: कार्यान्वयन हुँदै जानेछन् भन्ने विश्वास लेखा तथा सुपरिवेक्षण समितिले लिएको छ ।

आदरणीय सदस्य मित्रहरु,

संस्थाको १५औं साधारण सभाबाट तपाइँहरुले दिनुभएको महत्वपूर्ण जिम्मेवारीलाई मनन् गरी संस्थाको हित तथा सदस्यहरुको सम्पत्ति संरक्षणका लागि आफ्नो बाँकि कार्यकाल पनि विश्वसनीय, जवाफदेही एवम् इमान्दार ढंगले कार्य गरी रहने विश्वास दिलाउँदै र प्रतिबद्धता व्यक्त गर्दै यो प्रतिवेदन अन्त्य गर्न चाहन्छु ।

नमस्कार, जय सहकारी ।

रमेश सुवेदी
संयोजक-लेखा समिति



## साधारण सभाका सदस्यहरुमा पेश गरिएको ऋण उप-समितिको आ.व. २०७९/०८० को प्रतिवेदन ।

उपाध्यक्ष एवम् ऋण लगानी उपसमिति संयोजक, पश्चिम नेपाल साकोस

यस १६ औं वार्षिक साधारण सभामा उपस्थित सम्पूर्ण सेयर सदस्यज्यूहरु, कार्यक्रमका अध्यक्षज्यू, प्रमुख अतिथिज्यू लगाएत अतिथिगण, संस्थाका पूर्व अध्यक्षज्यूहरु एवम् पूर्व सञ्चालकज्यूहरु, सञ्चालकज्यूहरु, सेवाकेन्द्र सञ्चालन उपसिति, शिक्षा उपसमिति लगायत सम्पूर्ण उपसमितिका संयोजक एवम् सदस्यज्यूहरु, मुख्य व्यवस्थापक लगायत सम्पूर्ण कर्मचारी साथिहरु, पत्रकारज्यूहरु लगायत उपस्थित सम्पूर्ण महानुभावहरुमा हार्दिक स्वागत एवम् नमस्कार । जय सहकारी ।

यहाँहरु समक्ष ऋण उपसमितिको प्रतिवेदन पेश गर्न अनुमती चाहन्छु, २०६३ सालमा स्थापना भई आज १६औं साधारण सभाको अवस्थासम्म ल्याइ पुऱ्याउने सम्पूर्ण अग्रजज्यूहरु शेयर सदस्यज्यूहरु कर्मचारी साथिहरु सवैप्रति हार्दिक आभार ब्यक्त गर्दछु । जुन जुन समयमा जे जस्तो परिस्थिति थियो सोही अनुसार सञ्चालन गर्नु तत्कालिन अवस्थाको आवश्यकता र औचित्य हो । सहकारीहरु सञ्चालनको लागि राज्यले निर्माण गरेको नीति विधि अवलम्वन गर्दै सदस्यहरुका आवश्यकता परिपूर्ति गराउनु र सवैमाझ पुऱ्याउनुपर्ने चुनौति हाम्रा सामु छ नै । वर्तमान समयमा सहकारी क्षेत्रमा देखा परेका समस्याहरुले समग्र अभियानको अस्तित्व माथि नै प्रश्नचिन्ह खडा गरेको अवस्थामा हामिले अझै जिम्मेवार वनेर सदस्य मैत्रि सेवा प्रवाह गर्नुपर्ने दायित्व हामि माथी छ ।

पश्चिम नेपाल साकोस म्याग्दी जिल्ला र गण्डकी प्रदेशमा एउटा ब्राण्ड वनेर उभिएको छ यो हाम्रो लागि अवसर र चुनौति दुवै हो । यो गरिमालाई जोगाइराख्नु हाम्रो लागि महत्वपूर्ण हुन्छ । खासगरी हाल सहकारी अभियानमा देखिएका समस्या भनेको जानेर वा नजानेर सहकारीका सञ्चालकहरुबाट भएको कमजोरी, कर्जा प्रवाहमा देखिएको कमजोरी नै मुख्य रहेको छ, यसवाट हामि केहि हदसम्म माथि उठेका छौं, तथापी अपेक्षाकृत उपलब्धी हासिल गर्न सकेका छैनौं यसो भनेर हामि उम्किन पाउँदैनौ भन्नेमा सञ्चालक समिति तथा ऋण उपसमिति प्रष्ट छ, त्यसैले हामिले वर्तमान सञ्चालक समितिको गठन पश्चात पहिलो काम पुराना नियमित हुन नसकेका ऋणीहरुलाई नियमित गराउने कर्जा असुल गर्ने नै हो भनेर तय गरी काम गरिरहेका छौं । यसमा खासगरी हाम्रा अग्रज पूर्व सञ्चालकहरुको अझै वढी साथ र सहयोग हामिले अपेक्षा गरेका छौं ।

हामि साकोस स्तरीकरण कार्यक्रम प्रोवेशनमा समावेस भएको संस्था हौं हामिले खराव ऋणको भार कम्तिमा ५ प्रतिशत भन्दा कम राख्नुपर्ने हो तर हामि त्यो स्तर कायम गर्न अझै सकेका छैनौं, साथै ऋणको अनुपातमा कर्जा जोखिम कोषको व्यवस्था गर्न समेत सकेका छैनौं यसको पछाडि कर्जा नियमित गराउन नसक्नु प्रमुख कारण हो भने विगतमा हामि कुनैपनी कोषको उचित व्यवस्था नगरी सकेसम्म सवै सदस्यहरुलाई वाँडेर धेरै वोनस भन्दै वाँड्यौं आज हामिले संस्थागत अभ्यास गर्दा सदस्यहरुलाई विगतमा जसरी वितरण गर्न नसक्दा सदस्यहरुको दृष्टीकोण समेत फरक भएको पाएका छौं तर म आज पनि यहाँहरुलाई आग्रह गर्दछु संस्थालाई वुझ्ने कोसिस गर्नुहोस्, संस्थामा नियमित जाने वानी वसाल्नुहोस्, भए गरेका काममा आवश्यक जिज्ञासा राख्नुहोस् र ढुक्क हुनुहोस हामि अब्बल छौं । अब्बल रहिरहने छौं ।

संस्थाको विनियम २०६३ (संशोधन २०७६) दफा ४० (क) वमोजिम गठित यस ऋण लगानी उपसमितिको काम कर्तब्य र अधिकार ऋण प्रवाह गर्ने ऋण गर्ने नै हो, तर हाम्रो संस्था एउटा मात्र सदस्य सेवा केन्द्रवाट नभई ८ वटा सदस्य सेवाकेन्द्रबाट सेवा प्रवाह गरिरहेको हुँदा तत्सेवाकेन्द्र सञ्चालन उपसमिति सो सेवा केन्द्रको ऋणको समेत काम गर्ने उपसमिति हो भनेर विनियममा नै ब्यवस्था गरिएको छ । साथै कर्जा प्रवाहको सिमा निर्धारण गरी सेवाकेन्द्र प्रमुख, सेवाकेन्द्र उपसमिति, ब्यवस्थापन समूह, ऋण लागानी उपसमिति र सञ्चालक समितिको आ-आफ्नै तह निर्धारण गरिएको हुँदा लगानीमा ऋण लगानी उपसमितको खासै भूमिका नरहेको देखिन्छ । कर्जा असुलिमा केन्द्रित हुनुपर्ने हो यसमा सञ्चालक समिति आफै यस विषयमा निरन्तर लागेको ले हामि सवै त्यसैमा रहेर कार्य सञ्चालन गरिरहेका छौ । जुनसुकै भुमिकाको कुरा गरेता पनि कर्जा असुली मुख्य विषय हुने र सवै त्यसैमा केन्द्रित हुने भएकोले त्यस्तो हुन गएको हो ।

ऋण उपसमितिले काम गरेको छ छैन, त्यो भन्दा महत्वपूर्ण के हो भने कर्जा लगानी र कर्जाको नियमितता नियम वमोजिम भएको छ या छैन छैन भने के गरिएको छ भन्ने महत्वपूर्ण हो । त्यसैले यस समिति गठन पश्चात ऋण लगानी उपसमितिको दायरा भित्र माग भएका नयाँ लगानी नभएका तर पुराना लगानीलाई नियमित गराउनुपर्ने अवस्थामा मुख्य ब्यवस्थापक समेतको सिफारिसमा कर्जा प्रवाह र नियमितताको लागि हामिले पहल गरेका छौं जस्को लागि मंसिर २०७९ देखि असार २०८० सम्म ८ वटा ऋण उपसमितिको वैठक वसी नियमित कार्य गरिएको छ, साथै जोखिममा रहेका कर्जा असुलिको लागि सञ्चालक समितिवाट नै विभिन्न सार्थक प्रयासहरु भएका छन् फलस्वरुप १२५९ जना ऋणी सदस्यहरु मध्ये यस आ.ब.०७९/०८० मा १६ जना सदस्यको कर्जा चुक्ता गर्न आउनु भन्ने बारेको सूचना पत्रिकामा प्रकाशन

गरिएको थियो जसमध्य ११ जना सदस्यहरुले कर्जा नियमित गर्नुभएको छ भने बाँकि ५ जना सदस्यहरुले नियमित नगरेकोले मिति २०८०/०५/१५ गते रिखार रास्ट्रिय दैनिक पत्रिकामा धितो लिलाम बिक्री सम्बन्धमा सूचना समेत प्रकाशन भैसकेको व्यहोरा जानकारी गराउन चाहन्छौं। साथै आ.ब.०७९/०८० मा खराब सूचिमा रहेका २० जना ऋणीको रु. ६२,२३,९१५/- कर्जा चुक्ता भएको छ । केही फाइलहरुमा ठगीमा मुद्दा चलाउने वा धितो लिलाममा जाने त्यसवारे कानूनी सल्लाह लिइरहको तर टुङ्गोमा नपुगेको अवस्था रहेको छ । हाल संस्थामा १२५९ जना सदस्यहरुलाई रु. ७४,०४,७६,६८६/४६ ऋण लगानी भएको छ ।

आगामी दिनमा कर्जा प्रवाहमा आवश्यक प्रकृया पूरा गरेर सवैभन्दा चनाखो र बुद्धिमत्तापूर्ण निर्णय लिन सकेमा सहकारी सञ्चालनमा हामि अब्बल दर्जामा रहिरन सक्नेछौं, एउटै ब्यक्ति जो सहकारीबाट कर्जा लगेको र अन्य बैंक तथा वित्तीय संस्थाबाट पनि ऋण लगेको छ तर उसले अन्य वैंक तथा वित्तीय संस्थामा कर्जा नियमित गरेको छ तर यस संस्थामा कर्जा नियमति गर्नुपर्छ भन्ने बारेमा गैह्रजिम्मेवार बनेको छ यस विषयमा सदस्यज्यूहरु समेत उत्तिकै जिम्मेवार बन्नु आवश्यक छ । धन्यवाद् । जय सहकारी । जय पश्चिम नेपाल साकोस ।।

ऋण लागानी उप-समिति
हरिप्रसाद पौडेल
रिमप्रकाश थापा
राजु पाण्डे

# सदस्य पहिचान फारम (KYM) भर्ने सम्बन्धी सूचना

नेपाल सरकार सहकारी विभागद्वारा जारी गरिएको सम्पत्ती शुद्धिकरण सम्बन्धी सहकारी संघ/संस्थाहरुलाई जारी गरिएको निर्देशन-२०७४ अनुसार संस्थामा आवद्ध सम्पूर्ण शेयर सदस्य ज्यूहरुले सदस्य पहिचान फारम **(Know Your Member-KYM)** भर्न अनिवार्य भएकोले आफ्नो सदस्यता कायम रहेको कार्यालय पूगी फाराम भर्नहुन यसै सूचना मार्फत सूचित गरिन्छ ।

## फारम भर्दा आवश्यक पर्ने कागजातहरू:

१. फोटो ४ प्रति
२. नागरिकताको प्रतिलिपि
३. कार्य क्षेत्र भित्र बसोबास प्रमाणित हुने अन्य कागजातहरु
४. सदस्यता दिने बेलामा अनिवार्य बुझाउनु पर्ने हकवालाको फोटो लगायतका कागजातहरु छुटेका सदस्यहरुले ती कागजात समेत अनिवार्य बुझाउनु पर्नेछ ।

# सदस्यता प्राप्त गर्ने प्रकृया

- संस्थाको कार्यक्षेत्रभित्र बसोबास गरेको हुनुपर्नेछ ।
- नेपाली नागरिकताको प्रमाण-पत्र प्राप्त गरेको हुनुपर्नेछ ।
- कार्यक्षेत्रभन्दा बाहिरको व्यक्ति भएमा कर्मचारीको हकमा कार्यालय प्रमुखको तर्फबाट सिफारिस र व्यवसायीको हकमा नगरपालिका वा घरेलु कार्यालयमा व्यवसाय दर्ता गरेको प्रमाण-पत्र र स्थायी लेखा प्रमाण-पत्र संलग्न गर्नुर्नेछ ।
- संस्थाको कार्य क्षेत्र भित्रका एकै प्रकृतिको सहकारी संस्थाको सदस्यता नलिएको हुनुपर्नेछ ।
- सदस्य बन्न आउँदा साथमा ५ प्रति पासपोर्ट साईजको फोटो, नेपाली नागरिकताको प्रमाण-पत्र, हकवालको १ प्रति पासपोर्ट साईजको फोटो र नगरिकताको प्रतिलिपि पेश गर्नुपर्नेछ ।
- सदस्य बन्न इच्छुक भएमा संस्थाले सदस्यताका लागि घरमा नै सुविधा उपलब्ध गराउन सक्नेछ ।

## ऋण लगानी प्रकृया

- सदस्यता प्राप्त गरेको मितिले ३ महिना पूरा भएको हुनुपर्नेछ ।
- तोकिएको मासिक वचत नियमित हुनुपर्नेछ । मासिक वचत नियमित नभएको खण्डमा त्यस्तो सदस्यले ऋण फर्म भर्नका लागी पुन: ३ महिना पर्खनुपर्नेछ ।
- अचल सम्पत्ति धितो सुरक्षण राख्दा कार्यक्षेत्रभित्रको सक्कल पुर्जा हालसालै तिरो तिरेको रसिद चारकिल्ला प्रमाणित, प्रमाणित कित्ता देखिने नापी नक्सा संलग्न गरी पेश गर्नुपर्नेछ ।
- नेपाली नागरिकता प्रमाण-पत्रको प्रतिलिपी चौकिल्ला प्रमाणित, तिरो तिरेको रसिद, कर चुक्ता प्रमाण-पत्र, पासपोर्टसाइजको १ प्रति फोटो ।
- व्यक्तिगत धनजमानीतर्फ : जमानी बस्ने सदस्यको नागरिकताको प्रतिलिपी र फोटो ।
- ऋण लगानीमा धितो राख्दा धितो एकाघर परिवारको नाममा रहेको घरजग्गा मात्र स्वीकार्य हुनेछ ।
- अचल सम्पत्ति धितोमा ऋण लगानी गर्दा जग्गाधनी मालपोत कार्यालयमा दृष्टिबन्धक गरी रोक्काका लागि उपस्थित हुनुपर्नेछ ।
- ५ लाखसम्म रोक्का र सोभन्दा माथिको ऋण लगानी गर्दा सदस्यहरुको धितो दृष्टिबन्धक गरी ऋण लगानी गरिनेछ ।
- सदस्यले जुन शिर्षकमा ऋण लिन लागेको हो सोको शिर्षक खुल्ने थप कागजपत्रहरु पेश गर्नुपर्नेछ ।
- ३ लाखभन्दा माथिको ऋणका लागी अनिवार्य रुपमा आयस्रोत खुल्ने कागजपत्रहरु पेश गर्नुपर्नेछ ।
- ऋणीले ऋण फारम भर्न संस्थामा आउँदा व्यवसायसँग सम्बन्धित कागजातहरु साथमा लिएर आउनुपर्नेछ ।

## ऋण तिर्ने प्रकृया

- ऋण लिईसकेपछि संस्थाले उपलब्ध गराएको तालिका बमोजिम अनिवार्य किस्ता तथा व्याज बुझाउनुपर्नेछ ।
- किस्ता तालिका अनुसार किस्ता तथा व्याज तिर्न ढिलाई गरेमा हर्जना लाग्नेछ ।
- किस्ता तालिका अनुसार किस्ता र व्याज तिर्न ढिलाई गरेमा कार्यालयबाट ऋण असुलीका लागि गरिने फोन, प्रत्यक्ष भेटघाट, घरदैलो गर्नुपर्ने हुँदा सामाजिक प्रतिष्ठामा असर परेमा संस्था जवाफदेही हुनेछैन । समयमा व्याज र किस्ता बुझाई असल ऋणीको पहिचान कायम राखौं ।

**पश्चिम नेपाल साकोसको नविनतम प्रबिधि अन्तर्गत ONLINE माध्यमबाट संस्थाको सबै सेवा केन्द्र कार्यालय तथा संस्थाको एपहरूबाट सदस्यहरुले लिन सक्ने सेवाहरूको जानकारी ।**

१. संस्थाको PaschimNepal Smart Banking एप प्रयोग गरी आफ्नो खाता बाट २४ सै घण्टा जुनसुकै बेला नेपाल टेलिकम, **NCELL**का सेवाहरु (ADSL LANDLINE INTERNET, MOBILE नम्बरहरुमा रिचार्ज तथा बिल भुक्तानी गर्न सकिने इन्टरनेटसेवा प्रदायकहरुलाई रकम भुक्तानी गर्न सकिने, विद्युत महसुल भुक्तानी, साथै UTILITYPAYMENT का सवाहरु लिन सकिने,

२. संस्थामा रहेको आफ्नो खाताबाट खल्ती तथा ई-सेवा वालेटहरुमा रकम ट्रान्सफर गर्न सकिने,

३. संस्थाको सबै सेवाकेन्द्रहरुमा रहेका खातामा अन्तर सेवाकेन्द्र नि:शुल्क खातामा रकम ट्रान्सफर गर्ने सुबिधा रहेको

४. आफ्नो खातामा भएका बचत जम्मा/फिर्ता कारोबारहरूको हरेक पटक तथा दैनिक कारोबार हरुको SMS सिस्टम द्वारा सदस्यको मोबाईलमा जानकारी हुने

५. आफ्नो खातामा भएका बचत जम्मा/फिर्ता, ऋण शेयर कारोबारहरूको आवस्यकता अनुसार सबै बिस्तृत विवरण मोबाईल एपको माध्यमबाट घरमै बसेर हेर्न जानकारी लिन र कारोबार गर्न सकिने

६. सदस्य हरुको संस्थामा रहेको खाताबाट नेपालको जुनसुकै स्थानमा रहेका वाणिज्य, विकास बैंक तथा फाइनान्सहरुमा आफ्नै खाताबाट **REALTIME** अनलाईन सिस्टमबाट आफनो तथा आफन्तको बैंक खातामा रकम ट्रान्सफर गर्न सकिने ।



# विजया दशमी, शुभ-दीपावली

## तथा

## छठ पर्व - २०८० को



## सुखद् उपलक्षमा समस्त शेयर सदस्य एवम् शुभचिन्तक महानुभावहरुमा

# हार्दिक मंगलमय शुभकामना



| | | |
|---|---|---|
| प्रेमलाल कँडेल | कृष्णप्रसाद आचार्य | भीम प्रसाद गौतम |
| व्यवस्थापक | सचिव | अध्यक्ष |

एवम्

**पश्चिम नेपाल बचत तथा ऋण सहकारी संस्था लि.**

**PASCHIM NEPAL SAVING AND CREDIT CO-OPERATIVE SOCIETY LTD.**

परिवार

# टिप्पणी :

**नाम** ------------------------------------

**ठेगाना** ------------------------------------

# टिप्पणी :

नाम ------------------------------------

ठेगाना ------------------------------------